"पर्यटन, कृषि, शिक्षा र पूर्वाधार, समृद्ध बन्दिपुर निर्माणको मुल आधार"

# तेह्रौं गाउँसभामा प्रस्तुत

# बार्षिक नीति तथा कार्यक्रम

आ.व. २०८०/८१

**श्री सुरेन्द्र बहादुर थापा**

**गाउँपालिका अध्यक्ष**

**आ.व. २०८०/८१ बार्षिक**

# नीति तथा कार्यक्रम २०८०

**बन्दिपुर गाउँपालिका**

तनहुँ जिल्ला

गण्डकी प्रदेश

**२०८०**

# बन्दिपुर गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम

आदरणीय गाउँपालिकाका उपाध्यक्ष ज्यू, गाउँपालिका र गाउँसभाका सदस्यज्यूहरु, राष्ट्र सेवक कर्मचारीहरु,

१. नेपालको संविधान, प्रन्धौं योजना, राष्ट्रिय योजना आयोग, प्रदेश नीति तथा योजना आयोग स्थानीय तह सरकार संचालन ऐन-२०७४ बाट प्राप्त मार्ग दर्शन सहित बन्दिपुरका गाउँ, वस्ती, टोल हुँदै वडा समिति र विषयगत समितिहरुको बैठक, राजनैतिक दल लगायत सरोकारवालाहरु सँग छलफल र अन्तरक्रिया गरी प्राप्त सुझावका आधारमा कार्यपालिकाले स्वीकृत गरि, "समृद्ध नेपाल, सुखी नेपाल" भन्ने राष्ट्रिय संकल्प तथा "कृषि पर्यटन, शिक्षा र पूर्वाधार समृद्ध बन्दिपुर निर्माणको मूल आधार" भन्ने परिकल्पनालाई आत्मसात गर्दै बन्दिपुर गाउँपालिकाको बाहौं गाउँसभाको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले अत्यान्त गौरवान्वित महशुस गरेको छु । प्रस्तुत नीति तथा कार्यक्रम राज्यको शिथिल अर्थतन्त्रको चुनौतीका बाबजुद आन्तरिक राजश्व वृहदमा क्षमता अभिबृद्धि गर्न र शिथिलतालाई सिर्जनात्मक अभ्यासबाट गतिशिल नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्ने मूल लक्ष्य लिइएको छ ।

२. नागरिकको पूर्ण लोकतन्त्र, सुशासन, नागरिक प्रति उत्तरदायी स्थानीय सरकार, भ्रष्टचारमुक्त समाज र सुसंस्कृत एंव कर्तव्यप्रती दृढ यस गाउँपालिकाको आदर्श हुनेछ ।

३. सवै नागरिकलाई समान अबसरम,समान अधिकार उतिकै सम्मानको प्रत्याभूति प्रदान गर्दै बन्दिपुर गाउँपालिकाको प्रत्येक कार्यहरुको केन्द्र बिन्दु हरेक नागरिक इकाइ हुनेछन।

४. केन्द्रिकृत र एकात्मक शासन प्रणाली एंव निरकुशताको अन्त्य गरी संघिय लोकतान्त्रिक, गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्न बिभिन्न समयका नागरिक आन्दोलन र संघर्षहरुका बलिदान गर्नुहुने ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु । राष्ट्रको युगान्तकारी अग्रगामी परिवर्तनका लागी भएका राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाई गर्नुहुने अग्रजहरुको योगदान प्रति उच्च सम्मान गर्न चाहन्छु ।

५. नागरिक हक अधिकारको रक्षा गरी आर्थिक विकासको मध्यामबाट सवल, समुन्नत र समृद्ध गाउँपालिका बनाउने, अल्पकालिन, मध्यकालिन तथा दीर्घकालिन सोच र लक्ष्यका साथ निरन्तर क्रियाशिल रहेको छु । नेपाललाई वि.स. २०७६ अल्पविकसित बाट विकासशिल राष्ट्रको लक्ष्य हासिल भइरहेको तथा वि.स. २०८७ सम्म मध्यम आय भएको र वि.स. २०९९ सम्म समुन्नत राष्ट्र बनाउने राष्ट्रिय लक्ष्य हासिल गर्न बन्दिपुर गाउँपालिका दृढ संकल्पित छ ।

६. सिमित श्रोत र साधनको अधिकतम परिचालन गरी गाउँपालिकाको सर्वाङ्गीण विकास गर्न स्पष्ट दृष्टिकोण, गन्त्व्य र लक्ष्य सहित गण्डकी प्रदेश सरकार र नेपाल सरकारको सहकार्यमा अगाडी बढिरहेको अबस्थामा आम निर्वाचन र उप निर्वाचनमा जनप्रतिनिधि कर्मचारी तथा आम नागरिक सहभागिता जनाउनु पर्दा गाउँपालिकाको समग्र गतिविधिहरु पनि प्रभावित भएको छन। यस परिस्थिति समेत गाउँपालिकाले हासिल गरेका केही मुख्य उपलब्धीहरु सम्मानित सभा समक्ष संक्षिप्त रुपमा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

७. विधिका शासनमा आधारित पारदर्शी, परिमाणमुखी र नागरिक मैत्री शासन व्यवस्था कायम गर्न महत्वपूर्ण थप कानुनहरु निर्माण गरिएको छ ।हाल सम्म २७ वटा ऐन ६ वटा नियमावली ४ निर्देशिका ३३ कार्यविधि ४ मापदण्ड र १ आचार संहिता तयार भएको छ ।

अब म पालिकाबाट सम्पादन भएका कार्यहरुको प्रगती विवरण प्रस्तुत गर्न चाहन्छु ।

## योजन खर्च र राजस्व तर्फ

- बन्दीपुर गाउँपालिकाको **आन्तरिक चालु तर्फ** रु १३ करोड ३३ लाख २८ हजार विनियोजन भएकोमा मिति २०८०।०२।३० गते सम्म **६१.१२%** अर्थात ८ करोड १४ लाख ९३ हजार खर्च भएको छ।

- त्यस्तै **आन्तरिक पुँजिगतमा** रु. २० करोड ३१ लाख ५२ हजार विनियोजन भएकोमा **४० %** अर्थात रु ८ करोड २१ लाख ३४ हजार खर्च भएको छ।
- यसरी नै **संघ सरकाबाट हस्तान्तरित चालु तर्फ** रु १७ करोड ३२ लाख विनियोजन भएकोमा **७०%** अर्थात वित्तिय प्रगति रु १२ करोड १५ लाख ७७ हजार खर्च भएको छ।
- **संघ सरकारबाट हस्तान्तरित पूँजिगत तर्फ** रु ६ करोड नब्बे लाख मात्र विनियोजन भएकोमा **२० %** अर्थात रु १ करोड ३६ लाख ६६ हजार मात्र खर्च भएको छ।
- **प्रदेश सरकारको पूँजिगत तर्फ** रु ७०लाख विनियोजन भएकोमा रु १६ लाख ३५ हजार खर्च हुँदा **२३%** वित्तिय प्रगति भएको छ। (आयोजनाको नाम भूमर्से डिप बोरिङ आयोजना)
- चेक मार्फत भुक्तानी गर्ने झन्झटिलो प्रक्रियालाई समयसापेक्ष परिमार्जन गरि प्रत्येक उपभोक्ता समिति, ठेकेदार, संस्था, कार्यलय, व्यक्ति आदिलाई **विद्युतीय माध्यमद्वारा सोझै बैंक खातामा भुक्तानीको** व्यवस्था मिलाइएको। यस आ.व.मा मिति २०८०/०२/३० सम्म ३ हजार ७ सय ४१ EFT गरिएको।
- तेस्रि चौमासिक सम्मको सामाजिक सुरक्षा भुक्तानीको लागि बैंकलाई रु. ७,६३,१८,९६३ निकासा दिइएको छ।
- स्थानीय तह संचित कोष व्यवस्थापन प्रणाली सुत्र (SuTRA) **राजस्व मोड्यूलको** मिति २०८०।०२।२८ गतेबाट प्रयोगमा ल्याइएको छ ।
- आन्तरिक आय बृद्धि गर्ने उद्देश्यले कर सिबिरको आयोजना गरिएको थियो भने सरोकारवालाहरुको सुझाबका आधारमा नदीजन्य पदार्थ वन पैदावार जस्ता क्षेत्रहरुलाई **करको दायरा**मा समाहित गरिएको छ।
- बन्दिपुरको दिगो विकासको लक्ष प्राप्तीका लागि दिर्घकालीन सोँच सहितको **आवधिक योजना निर्माण सम्पन्न** गरी आवधिक योजना र बार्षिक योजना बीच तादम्यता ल्याउने प्रयास गरिएको छ।
- **योजना कार्यान्वयन र सु-शासन अभिबृद्धि** गर्न सार्वजनिक सुनुवाई पुर्व-बजेट सुझाव संकलन, प्रगति समिक्षा, कर्मचारी, शिक्षक तथा उपोभोक्ताहरुको अभिमुखिकरण कार्यक्रम संकलन गरिएको छ।
- बाढि पहिरोबाट क्षति भएका **३४ घरघुरी**को गाउँपालिकाद्वारा प्रतिवेदन पेश गरे बमोजिम सबैको नयाँ घर निर्माण गर्न लाभग्राही राहत पाउने सुचीमा जिल्ला विपद् व्यवस्थापनबाट निर्णय गराई **२३ जना लाभग्राहीलाई पहिलो किस्ता** बापतको रकम उपलब्ध गराई सकिएको छ। अन्य लाभग्राहीको समेत अभिलम्व उपलब्ध गराउने प्रक्रिया अगाडी बढीरहेको छ।
- नागरिक सेवालाई सरल र सहज बनाउन कार्यालयमा नागरिक **सहायता कक्ष (Help Desk)** स्थानपना गरि सेवाग्राही मैत्री सेवाप्रवाह सुरु गरिएको छ।
- भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित वसोबासीहरुको संकलित तथ्याँकहरुको प्रविष्टी गरि निवेदकहरुलाई जग्गा दर्ता प्रक्रियाको लागी भुमिहिन दलित - ९१, भुमिहिन सुकुम्बासी - २६७, अव्यवस्थित वसोवासी - १६७४ गरी कुल **२०३२ जनालाई निस्सा बितरण** कार्य सम्पन्न गरिएको छ।
- भू उपयोग ऐन, २०७६ र भू उपयोग नियमावली, २०७९ को व्यवस्था बमोजिम बन्दीपुर गाउँपालिकाको आफ्नै आधार तथा मापदण्ड तर्जुमा गरी २४,६०४/ वटा कित्तालाई प्रचलित

कानून बमोजिम बैज्ञानिक वर्गिकरण गरी कित्ताकाट लगायतको **जग्गा प्रशासन तथा अभिलेखिकरण** कार्य सम्पन्न गरिएको छ।

## भौतिक पूर्वाधार विकास तर्फ

- बन्दिपुरको विकासमा जनसहभागीताको सुनिश्चितता गरी निर्मित संरचनाहरुको स्वामित्व र अपत्व जनता माझ कायम गर्ने दिगो विकासका लागी उपभोक्ताहरु मार्फत योजना कार्यान्वयन गर्ने उदेश्य हासिल गर्न संचालित ३२४ वटा योजना मध्ये कूल ३०६ बटा सम्झौता भएका छन। जसमा १९१ बटा योजनाहरु सम्पन्न भई फरफारकको कार्य सम्पन्न भएको छ भने काम सम्पन्न भई फरफारक हुने चरणमा ४३ वटा योजना र ७० वटा योजनाहरु निर्माणाधिन अवस्थामा रहेका छन ।
- चालु आ.व. को विषयगत शिर्षकको आधारमा उल्लेख गर्नु पर्दा सडक स्तरन्नती १०४, नयाँ सडक (ट्याक) खोल्ने ८ वटा सिचाई (कुलो निर्माण/मर्मत) वटा, भवन निर्माण/मर्मत ४२ बटा रहेका छन् ।
- त्यसैगरी, मानव विकासको लक्ष्य उदेश्य हासिल गर्न शिक्षा तर्फ ३० बटा, स्वास्थ्य तर्फ ९ वटा संस्कृति तर्फ २७, खानेपानी तर्फ ४ बटा र खेलकुद तर्फ ६१ वटा योजनाहरु कार्यान्वयन गरिएको छ भने आर्थिक विकासको सुचाक प्राप्ती गर्न कृषि तर्फ २ वटा, पर्यटन तर्फ २६ र उद्योग तर्फ १ बटा योजनाहरु कार्यान्वयन गरिएको छ।
- नागरिकको जनश्रम, सहकार्य र साझेदारी गरी कम लगानीमा अधिकतम प्रतिफल हासिल गर्ने उदेश्य सहित तर्जुमा गरि कार्यान्वयन गरिएका १८ वटा योजनाहरु एक लाख भन्दा कम, एक लाख देखी पाँच लाख सम्म २४१ वटा, ५ लाख देखी १० लाख सम्मका ३५ वटा र १० लाख भन्दा माथिका ११ वटा योजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिएका छन।
- उपभोक्ता समितिहरुलाई सशक्त र क्षमतावान बनाई संस्थागत विकास गर्न योजना कार्यान्वयन प्रक्रिया झझट ढंगबाट सरल र सहजता प्रदान गर्ने उदेश्यले सवै वडा सवै उपभोक्ता समिति एंव टोल विकास संस्थाका पदाधिकारीहरुका लागी अभिमुखिकरण कार्य सम्पन्न गरिएको छ ।
- विद्युतिकरणलाई सुरक्षित र व्यवस्थित बनाउन सहरी क्षेत्रहरुमा स्टील पोलको व्यवस्था गरिएको छ भने अनियन्त्रित तार प्रणालीलाई कालो तार जडान गरिएको छ । साथै बन्दिपुरका धरमपानी क्षेत्र,वडा २,३, र ४ मा समेत स्टील पोलहरुको व्यवस्थापन गरिएको छ।
- आधारभूत मापदण्डको स्वच्छ खानेपानी उपलब्ध गराउन एक घर एक धाराको नीति अनुसार वृहद मरस्याङ्गदी खानेपानी योजना निर्माणाधिन अबस्थामा रहेको छ ।आरथुम्का कुकुर्दी गोलडाँडा हटिया धरमपानी निर्माणधिन अवस्थामा रहेको छ।

  प्रदेश समपुरक अनुदान अन्तर्गत बांगेसिमल खानेपानी आयोजना सम्पन्न भएको छ भने भुमर्से डिप बोरिङ आयोजना निर्माणाधिन रहेको छ

  **समपुरक अनुदान अन्तर्गत** बन्दीपुर —बाहुनभन्ज्यांङ-धरमपानी सडक स्तरोन्नति भौतिक प्रगति=३५% भएको छ भने बन्दीपुर —खहरे-शेराटार सडक स्तरोन्नति भौतिक प्रगति=२५% तथा जेष्ठ नागरिक दिवा सेवा केन्द्र भौतिक प्रगति=६०% भएको जानकारी गराउन चाहन्छु।

  **ससर्त अनुदान अन्तर्गत** झोलुङ्गे पुल (खुदी खोला पुल) पर्यटन बोर्ड -२ योजना सडक बोर्ड -१ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम-१-२ कोठे भबन,१-४ कोठे भबन रहेको छ ।

  **घर नक्सा सम्बन्धी**

- २३ घर अभिलेख गरि १६ घर नक्सा पास गरी स्वीकृति प्रदान गरिएको छ ।

## कृषि विकास तर्फ

- उन्नत बिउ प्रयोग गरि उत्पादन बढाइ कृषकको जीवन स्तर उकास्न काउली, बन्दा , गाँजर , गोलभेडा , मुला , ब्रोकाउली तथा आलुको बिउ ५०% अनुदानमा वितरण गरिएको छ ।
- कृषि क्षेत्रलाई आधुनिकीकरण गर्दै उत्पादन बढाई लागत कम गर्न आधुनिक कृषि तथा मेसिनरी औजार कार्यक्रम ६ वटै वडामा संचालन गरिएको छ। जसमा मिनी टिलर , कुटनी पिसानी , पावर स्प्रे , ब्रस कटर तथा सिकेचर ५०% अनुदानमा वितरण गरिएको ।
- एक गाउँ एक उत्पादन कार्यक्रमलाई जोड दिन तथा पकेट कार्यक्रम अन्तर्गत मुलपानी अर्गानिक कृषक समूह बन्दीपुर ४ झप्रीमा धान पकेट तथा काफलस्वाँरा वागेश्वरी कृषक समूह बन्दीपुर ६ मा सुन्ताला पकेट निरन्तरता दिदै कार्यक्रम संचालन भईरहेको छ।
- कृषि क्षेत्रमा आकस्मिक प्रकोपको लागि सहयोग कार्यक्रम अन्तर्गत बन्दीपुर वडा नं. ३ मा मचन लाल घर्तीको धानमा होपर बर्न समस्या देखिएकोले प्राविधिक मुन्ल्याकन अनुसार र बन्दिपुर गाउँपालिका वडा नं. -५, स्थित कुमालटारी कृषि तथा पशुपन्छी फर्ममा आगलागिको कारण भएको क्षेतिमा गाउँ कार्यपालिकाको निर्णयानुसार सहयोग गरिएको ।
- पुराना सुन्तलाको बोटमा देखिएको समस्या तथा व्यवस्थापन गर्न बन्दिपुर गाउँपालिका वडा नं. ३ रामकोटमा सुन्तला बगैचा व्यवस्थापन सम्बन्धि अभिमुखीकरण तालिममा २० जना सहभागीहरुलाई तालिम दिइएको ।
- बन्दिपुर बजार क्षेत्रलाई आकर्षणको केन्द्र विन्दुको रुपमा स्थापित गर्न तथा बन्दिपुरमा पर्यटकहरुको आगमन वृद्दिका निम्ति बन्दिपुर गाउँपालिका वडा नं. ४ बन्दिपुर बजारमा पुष्प खेतिमा प्रांगारिक मल प्रयोग सम्बन्धि प्रदर्शनी कार्यक्रम संचालन भएको छ ।
- बाँसको घर बनाइँ बेमौसमी तरकारी खेति गर्न कृषकलाई ड्रम पाईप तथा प्लास्टिक टनेल वितरण कार्यक्रममा २५ जना कृषकको आवेदन दर्ता भएकोमा सबै जनालाई समेटी ३६ सेट सामग्री वितरणको तयारी अवस्थामा रहेको छ ।
- मौरीको क्षेत्र बढाई कृषकलाई व्यावसायिक बनाउन ५० % अनुदानमा ८५ वटा खाली घार तथा ३० सेट मौरी सहित घार वितरण गरिएको छ ।
- नयाँ सुन्तला पकेट विस्तार कार्यक्रम अनुसार बन्दिपुर गाउँपालिका वडा नं.६ डाँडाछापको कन्या देवि कृषक समुह मार्फत प्रस्ताव पेश भएको र कार्यक्रम संचालन भइरहेको छ।
- मकै बालीको क्षेत्र विस्तार गरि उत्पादन बढाउन मकै प्रवर्धन कार्यक्रम संचालको लागि बन्दिपुर गाउँपालिका वडा नं. २ पार्चेमा रहेको हातेमालो कृषि सहकारी संस्था र बन्दिपुर गाउँपालिका वडा नं. ३ सुकौरामा रहेको सुकौरा कृषि सहकारी संस्था बिच बन्दीपुर गाउँपालिका सँग सम्झौता भइ कार्यक्रम संचालनको अन्तिम चरणमा रहेको छ।
- रैथाने (कोदो) बाली प्रवर्धन गरि रैथाने बाली बचाई, स्थानीय स्तरमा खाध्य बालीमा आत्मा निर्भर हुन बन्दिपुर गाउँपालिका वडा नं. ६ घामलछापमा रहेको गोरखा कालिका कृषक समूह र बन्दीपुर गाउँपालिका बीच सम्झौता भइ कार्यक्रम संचालनको क्रममा रहेको छ।
- धान जोनको कार्यक्रम बमोजिम प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना गोरखाको सहयोगमा बन्दीपुर गाउँपालिका वडा न. १ मा ७५० के. जी. धानको बिउ वितरण गरिएको ।

- कृषि ज्ञान केन्द्र तनहुँको कार्यक्रम अनुसार बन्दीपुर गाउँपालिका वडा न. २ मा ९०% अनुदानमा ४६ मौरी घार वितरण भएको छ ।

## पशुपन्छी तथा मत्स्य विकास तर्फ

- बन्दिपुर गाउँपालिका वडा नं.६ साराङघाटमा आ.व. २०७९।०८० मा पशु सेवा सम्पर्क कार्यालय स्थापना गरि कृषकहरूलाई औषधी उपचार भ्याक्सिन अनुदान तथा प्राविधिक सेवा टेवाको लागी सहज भएको छ ।
- बन्दिपुर गाउँपालिका वडा नं.१ मा गा.पा. को पहल तथा सिफारिसमा पशु सेवा विभाग बाट विपन्न, सिमान्तकृत ,दलित जनजाति ५० घर परिवार कृषकहरूलाई न्यू हेपसायर र अस्ट्रोलप जातको ६ हप्ताको १००० कुखुराका चल्लाहरू ,औषधी र अभिमुखिकरण तालिम सम्पन्न भएको र जसको माध्यम बाट खाध पोषणमा सुधार भएको छ ।
- बन्दिपुर गाउँपालिका वडा नं. ६ धरमपानीमा भेटेरिनरि अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको आयोजना तथा बन्दिपुर गाउँपालिका पशुपन्छी तथा मत्स्य विकास शाखाको सहकार्यमा निशुल्क पशु स्वास्थ्य शिविर कार्यक्रम सम्पन्न भएको छ।
- बन्दिपुर गाउँपालिकाको पहलमा राष्ट्रिय पशु प्रजनन् कार्यालय पोखरा र भे.अ.तथा पशु सेवा विज्ञ केन्द्र तनहुँको आयोजनामा गाई,भैसीको बाझोपन निवारण सिविर बन्दिपुर १ र ५ मा सम्पन्न भएको जसबाट थारा तथा बाझोपन भएका गाई भैसीको रोग नियन्त्रण भई उत्पादन र उत्पादकत्व वृद्दि भएको छ।
- NLSIP आयोजना संग समन्वय गरि व्यावसायिक फार्महरू तथा पकेट क्षेत्रमा निशुल्क रूपमा औषधी वितरण गरेको जसबाट व्यावसायिक फर्म तथा पेकट क्षेत्रका कृषकहरूले नि शूल्क रूपमा औषधी प्राप्त गरि विभिन्न रोग नियन्त्रण गर्न मद्दत पुगेको ।
- बन्दिपुर गाउँ पालिकाको पहल तथा सिफारिसमा भे.अ. तथा पशु सेवा विज्ञ केन्द्र बाट आ.व ०७९।०८० मा १६ जना व्यावसायिक कृषकहरूलाई साना व्यावसायिक फार्म विस्तार र फार्म यान्त्रिकरण सहयोग अनुदान प्राप्त गरि कामकाज गर्न सजिलो भई उत्पादन र उत्पादकत्व वृद्दि भएको छ ।
- बन्दिपुर गाउँपालिका पशुपन्छी तथा मत्स्य विकास शाखा बाट गाईभैसी ,भेडा, बाख्रा , वंगुर ,कुखुरा, टर्की, कुकुर , विरालो आदिमा ९०४९ पशुपन्छीको घरदैलो पशु स्वस्थ्य शिविर तथा कार्यालय बाट उपचार सेवा प्रदान गरिएको ।
- दुधको उत्पादन र उत्पादकत्व बढाउन ९७६ गाईभैसीहरूलाई कृषकको घरदैलोमा गएर कृतिम गर्भाधान सेवा (ए आई ) सेवा प्रधान गरिएको छ ।
- हिउद सिजनमा पशु आहारा र पोषणको कमि हुन नदिन पशु स्वास्थ्य राख्न , दुधको उत्पादन र उत्पादकत्व बढाउन हिउदे जै घासको ३१६५ केजि विउ गा.पा तथा NLSIP परिआयोजना बाट जै घाँसको विउ दुध उत्पादक सहकारी संस्थाहरूमा आवद्ध कृषकहरूलाई वितरण गरिएको छ ।
- भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्र संग सहकार्य र समन्वय गरि पशुपन्छीको तथ्याङ्क संकलन गरि बन्दिपुर गाउँपालिका भित्रका ६ वटै वडाहरूमा गाईभैसी ,भेडा, बाख्रा , वंगुर ,कुकुर , विरालो आदिमा जुनोटिक रोगहरू सक्रमक रोगहरूबाट बचाउन तथा उत्पादन र

उत्पादकत्व बढाउन खोरेत ,भ्यागुते चरचरे , पि.पि.आर, वंगुरको हैजा (स्वाईइन फिवर ) रेविज र लम्पि स्किन आदि रोगहरू विरूद्ध ३८२४६ पशुवस्तुहरूमा कृषकको घरदैलो तथा कार्यालयबाट खोप सेवा प्रदान गरिएको छ ।

- पशु वस्तुको दुध तथा गोवर परिक्षण गरि नाम्ले माटे र विभिन्न जुकाहरू र थुनेलो रोगको पहिचान गर्न ३०२ वटा नमुना परिक्षण गरिएको ।जसको माध्यम बाट रोग पहिचान भई पशु स्वास्थ्य हुनुका साथै उत्पादन र उत्पादकत्व वृद्दि हुने भएको
- कृषिलाई सम्मानजनक नाफामुखि व्यावसायको रूपमा विकास गर्दै रोजगारीका अवसरहरू सृर्जना गर्ने उद्देश्का साथ प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तरर्गत बन्दिपुर ६ मा नयाँ बाख्रा पकेट र बन्दिपुर २ मा बाख्रा पकेट निरन्तरता कार्यक्रम सम्पन्न हुने अन्तिम चरणमा पुगेको छ।
- बन्दिपुर गाउँपालिकाको गाईभैसी बाख्रा, वंगुर र माछामा ५० प्रतिशत अनुदान कार्यक्रम अन्तरर्गत ३० जना व्यावसायिक कृषकहरूले अनुदानको लागि सम्झौता गरि कार्यक्रम अन्तिम चरणमा पुगेको ।
- बन्दिपुर गाउँपालिका भित्र दुग्ध सहकारी संस्था एंव व्यावसायिक फार्महरूमा बन्दिपुर गा.पा.बाट ९०० डोज र विज्ञ केन्द्र तनहुँ वाट ५० डोज लम्पि भ्याक्सिन गरि जन्मा ९५० डोज लम्पि भ्याक्सिन तत्काल लगाई रोग नियन्त्रण गरि दुधको उत्पादन र उत्पादकत्वमा कमि नभएको छ ।

## पर्यटन विकास तर्फ

- बन्दीपुरको पर्यटन प्रबर्धन, नियमन र समग्र पर्यटकिय गतिबिधी सञ्चालन गर्न सहयोग पुर्‍याउन पर्यटन विकास ऐन २०७९ जारि गरिएको छ ।
- बन्दीपुर गाउँपालिका भित्रका थप पर्यटकिय गन्तब्यको पहिचान र प्रवर्धन गरिएको छ ।
- गण्डकी प्रदेशमा पहिलो पटक बन्दीपुर गाउँपालिका भित्रको १६ पर्यटकिय गन्तब्यको डिजिटल माध्यमबाट प्रबर्धन र प्रचार प्रसारको लागि क्यु.आर स्टोरी बोर्ड निर्माण गरिएको ।
- "सुरक्षित गन्तव्यको प्रतिक बन्दिपुर" नारालाई सफलिभुत बनाउन पर्यटक प्रहरी र ट्राफिक प्रहरीको व्यवस्था गरिएको छ ।
- बिभिन्न स्थानमा पर्यटक मैत्री पर्यटकिय पुर्वाधारको निर्माण भएको ।
- रामकोट सामुदायीक होम स्टे ढुङ्गा छपनि बिच्छाउने काम भएको (काम हुदै)
- बिन्दबासिनी बाट बागुन टोल स्लेट ढुङ्गा बिच्छाउने बिन्दबासिनी बाट गैरा टोल स्लेट ढुङ्गा बिच्छाउने बन्दीपुर आउने ऐतिहासिक पैदल मार्गलाई ढुङ्गा छपनि काम सम्पन्न भएका छन।
- उज्यालो बन्दीपुर अन्तर्गत निम्न स्थानमा सडक बत्ति जडान तथा मर्मत
- एन.एम.बि बैंक बाट फुलबारी टोल सम्म ( सम्पन्न)
- एन.एम.बि बैंक चोक बाट कोखा गाउँ सम्पन्न
- बिन्दबासिनी मन्दिर बाट बागुन्टोल , बालाबजार हुदै आयुर्बेद कार्यालय सम्म (सम्पन्न)
- बिन्दबासिनी मन्दिर बाट नारायण टोल , लाहुरे टोल देखि आयुर्बेद कार्यालय सम्म सम्पन्न
- बिन्दबासिनी मन्दिर बाट गैरा टोल हुदै टुडिखेल जाने बाटो ( सम्पन्न)
- कोरिखा सामुदायीक होम स्टे सम्पन्न

- चौताराबाट भैसेखार सम्म ढुङ्गा छपनी सम्पन्न

## स्वास्थ्य सेवा तर्फ

- नेपाल सरकारले प्रत्याभुत गरेको सबै वालवालिकाले खोप पाउनु पर्ने निति अनुरुप १३ प्रकारका खोप लगाउने र घातक रोग वाट मृत्यु हुन वाट वचाउनको लागी जन्मेदेखी १५ महिना सम्मका अवधीमा पुर्ण मात्रामा पुरा खोप लगाईएको छ।
- दादुरा रुवेला खोप लगाएका जम्मा वालावलिका संख्या २३४ जना जेष्ठ सम्मको हाल सम्म ८८% प्रगति हासिल भएको छ।
- बन्दिपुर गाउँपालिका लाई पुर्ण खोप र खोपको दिगोपना सुनिश्चित घोषणा गरिएको छ।
- सुरक्षित मातृत्व कार्यक्रमः सवै गर्भवती तथा सुत्केरिहरुले गर्भवती अवस्थामा स्वास्थ्य संस्थामा गर्भको अवधिमा ८ पटक स्वास्थ्य जाँच गरि स्वास्थ्य संस्थामा नै सुत्केरी सेवा प्राप्त गरुन भन्ने निति अनुरुप बन्दीपुर अस्पताल र धरमपानी स्वास्थ्य चौकीमा सेवा सुनिश्चित गर्ने कार्यक्रम अनुसार १८१ जनाले गर्भवति,५०जनाले सुत्केरि सेवा तथा ११७ जनाले सुत्केरि घरभेट सेवा प्रदान गरिएको छ।
- प्रजनन् स्वास्थ्य सेवाः सबै स्वास्थ्य संस्था मार्फत परिवार नियोजन सेवामा हाल अस्थाई साधन प्रयोग गर्ने दम्पतिका संख्या ३३९३ जना रहेको साथै निरन्तर सेवा प्रदान भईरहेको छ ।
- मानसिक स्वास्थ्य सेवाः मानसिक स्वास्थ्य सल्लाह परामर्श उपचारका सेवा प्रदान गरिएको र समय समयमा मानशिक स्वास्थ्य सम्बन्धि गोष्ठी अभिमुखीकरण कार्यक्रम र तालिम आयोजना गरि स्वास्थ्यकर्मीहरुलाई सक्षम बनाईएको छ।
- पोषण सेवाः स्वास्थ्य संस्थामा आउने बाल वालिकाहरुको लेखाजोखा गर्नको लागी कम्तिमा २४ पटक तौल लिने ,उमेर अनुसार शारिरिक वृद्धी र विकास भएको तौल अनुगमन मार्फत पोषणको अवस्था जानकारि लिने गरिएको छ ।
- स्वास्थ्य प्रवर्धन सेवाः नागरिकले स्वास्थ्य सम्बन्धि जानकारि बिधालय स्वास्थ्य कार्यक्रम,समुदायमा सामाजिक व्यबहार परिवर्तन जस्ता कार्यक्रम संचालन गरिएको छ।
- विरामी जाँच तथा उपचारः स्वास्थ्य संस्थामा आएका १५१७९ जना विरामीहरुलाई जाँच गरि उपचार शिफारिश गरिदै आएको तथा आवश्यक परेमा माथिल्लो संस्थामा प्रेषण गर्ने काम गरिएको छ।
- स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत नागरिक लाई स्वास्थ्य विमा गर्न प्रोत्साहित गरिएको छ ।
- स्वास्थ्य सेवा लिने कुल ग्राहक मध्ये ८० % स्वास्थ्य विमाका विरामी हुने भएकोले थप प्रभावकारि बनाई सेवास्तर र दर वढाउन कार्यक्रमलाई जोड दिदै गएका छौ।
- एम्बुलेन्स सेवालाई प्रभावकारी प्रयोग गर्ने कार्यक्रम अन्तर्गत देशभरीका गर्भवति सुत्केरी लाई निःशुल्क सेवा प्रदान गरिएको छ।
- विध्यालयमा अध्ययन गरिरहेको विध्यार्थिहरु विरामी भई ईमरजेन्सी सेवा दिनु परेमा निःशुल्क सेवा प्रदान गरिएको छ।
- नसर्ने रोगहरु मुटु रोग ,मृगौला रोग,क्यान्सर रोगको लागी उपचार शिफारिश ३६ जना बिपन्न नागरिकहरुलाई निशुल्क स्वास्थ्य सेवाको व्यवस्थाका लागि शिफारिस गरिएको छ ।

- कोभिड्-१९ विरुध्द को खोप १२-१७ वर्ष उमेरका लागी मोर्डना खोप प्रथम मात्रा ११५९ जना र दोश्रो मात्रा १०८२ जना लाई लगाईएको छ।
- ५-११वर्ष उमेर समुह लाई फाईजर खोपको प्रथम मात्रा २३६१ जना लाई र दोश्रो मात्रा २३७२ जनालाई लगाईएको छ।
- यस बर्ष बुष्टर खोप १९१८ जनालाई लगाईएको छ ।
- सबै वडाहरुमा आँखा जाँच कार्यक्रम (स्कृनिङ्ग) गरिएको र बन्दिपुर अस्पतालमा आँखा शिविर राखी २३ जनाको आँखाको शल्य-क्रिया गरिएको छ।
- दन्त सेवा कार्यक्रम संचालन गरिएको छ।
- धरमपानी स्वास्थ्य चौकीमा माहिलाको पाठेघरमा हुने क्यान्सर रोग परिक्षण सम्बन्धि शिबिर संचालन, जसमा २६४ जनाको परिक्षण गरिएको थियो तिमध्ये ८ जना पोजेटिभ बिरामिलाई थप उपचारको लागि रेफर गरिएको छ ।
- स्वास्थ्य संस्थाहरुको लागि निःशुल्क औषधि तथा औषधि जन्य सामाग्री वितरण गरिएको छ।
- बन्दीपुर अस्पतालको अधुरो भवन निर्माणकार्य पुरा गर्न गाउँपालिका कार्यालय वडा कार्यालय वाट वार्षिक वजेट विनियोजन गरि कार्य भैरहेको अवस्था छ।
- विरामी भर्ना गरि उपचार गरिने ईण्डोर कक्ष लाई मर्मत गरिएको छ।
- भर्ना भई उपचारमा रहेका विरामीहरुलाई निःशुल्क खाना,खाजा खर्चको लागी यस वर्षपनि निरन्तरता दिईएको छ।
- बन्दीपुर अस्पतालको सेवा स्तरिय र छरितो बनाउन प्रशासनिक एवं विशेषज्ञ सेवा उपलब्ध गराउन प्रक्रिया सुरु गरि सकिएको छ
- भवन निर्माण गर्नको लागी ईष्टिमेट (लागत अनुमान तयार)गरि स्वास्थ्य मन्त्रालयमा बजेट माग गरिएको छ।
- आर्थिक अभावको कारण सुत्केरि हुन बन्दीपुर अस्पताल सम्म आउन या अन्य रोगको उपचार गर्न जान नसकेका विरामीहरुलाई एम्बुलेन्स नहुँदा समयमा एम्बुलेन्स भाडा उपलव्ध गराई सहयोग गरिएको छ।
- अति विपन्न दयनिय आर्थिक अवस्था भएका विरामिहरुको स्वास्थ्य जाँच गर्न एवं दैनिक औषधि खाने मानिसका लागी स्वास्थ्य विमा नविकरण गर्न सहयोग गरेको छ।

### आयुर्वेद

- आयुर्वेद औषधि खरिदः निःशुल्क अत्यावश्यक औषधिहरुको उपलब्धता सुनिश्चित गर्न स्थानीय रुपमा देखिने रोगहरुको प्राथमिकता अनुसार औषधि खरिद गरि औषधालयमा उपचारार्थ सम्पुर्ण विरामीहरु जम्मा २५८५ जना लाई निःशुल्क वितरण गरिएको छ ।
- नागरिक आरोग्य कार्यक्रमः स्वस्थ जीवनशैली अवलम्वनका लागि अभियानमुलक कार्यक्रमहरु संचालन गरि सर्ने तथा नसर्ने रोगको रोकथाम तथा न्यूनीकरण गर्ने उदेश्यले नागरिक आरोग्य कार्यक्रम अन्तर्गत वडा नम्बर २ र ३ मा नागरिक आरोग्य समुह गठन गरि अभिमुखीकरण कार्यक्रम संचालन बाट नागरिक को स्वास्थ्य प्रबर्द्धन एवं सर्ने नसर्ने रोगहरु बाट बचन सघाउ पुर्याइएको छ ।

- पंचकर्म/पुर्वकर्म स्नेहन/स्वेदनः आयुर्वेद स्वास्थ्य संस्थाहरुमा आएको सेवाग्राहीहरुको जाँच गरी पुर्वकर्म स्नेहन/स्वेदनको माध्यम बाट हाल सम्मा २१३ जनालाई स्वास्थ्य प्रबर्द्धन र पुनर्स्थापनमा सघाउ पुर्याइएको छ।
- जेष्ठ नागरिकको लागि स्वास्थ्य प्रबर्द्धन सेवा कार्यक्रमः जेष्ठ नागरिकहरुको लागि शारिरीक जाँच गरी रसायन चिकित्सा, योगको माध्यमबाट जम्मा ४०५ जना जेष्ठ नागरिकको स्वास्थ्य प्रबर्द्धन भएको छ ।
- स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धबर्धक जडीबुटी जन्य औषधि वितरण कार्यक्रमः आमा र बच्चाको स्वास्थ्य सुधार भएको ,कुपोषणजन्य रोगबाट बचाउ भएको, स्तनपानको महत्वबारे महिलाहरुमा जनचेतना प्राप्त भई मातृशिशु मृत्युदरमा कमी आएको छ ।
- राष्ट्रिय/अन्तर्राष्ट्रिय योग दिवसः नेपाल सरकारको नीति तथा कार्यक्रममा उल्लेखित "स्वस्थ नागरिक,स्वस्थ समाज र स्वस्थ जीवन"भन्ने अवधारणालाई कार्यान्वयनमा ल्याउन, "मेरो स्वास्थ्य मेरो जिम्मेवारी " भन्ने नारालाई सार्थक पार्न टोल टोलमा स्वस्फुर्त रुपमा योग र सकारात्मक जीवनशैलीको माध्यमबाट "समृद्ध नेपाल,सुखी नेपाली "भन्ने नारा सार्थक हुनेछ ।

## शिक्षा

- निशुल्क तथा अनिवार्य शिक्षा सम्बन्धी ऐन,२०७५ ले व्यवस्था गरे बमोजिम बन्दीपुर गाउँपालिका भित्रका विद्यालय उमेर समुहका सबै बालबालिकाहरू विद्यालय भर्ना भएका छन ।
- विद्यार्थीको स्वास्थ्य र पोषणमामा सुधार ल्याई विद्यार्थीलाई नियमित रुपमा विद्यालयमा उपस्थित गराई शैक्षिक गुणस्तर वृद्धि गर्न गाउँपालिका भित्र रहेका सबै सामुदायिक विद्यालयमा अध्ययनरत बालबिकास देखि कक्षा ६ सम्म अध्ययनरत सवै बालबालिकाका लागि दिवा खाजाको व्यवस्थापन गरिएको छ।
- नेपालको संविधान-२०७२ को धारा ३१ बमोजिम गाउँपालिकाभित्र रहेका गरिव तथा जेहेन्दार विद्यार्थीहरूलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति प्रदान गरिएको छ ।
- स्थानीय पाठ्यक्रम प्रारुप-२०७१, विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप-२०७६, स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित), २०७६ मा रहेको प्रावधान बमोजिम बन्दिपुर गाउँपालिकाको स्थानीय परिवेश, भाषा, संस्कृति, कृषि, पर्यटनमा आधारित रहि स्थानिय पाठ्यक्रम कक्षा १-८ को निर्माण अन्तिम चरणमा रहेको ।
- शैक्षिक गुणस्तर सुधारको लागि प्रत्येक विद्यालयमा एकाइ परिक्षा संचालन, नतिजा विश्लेषण र सुधारको कार्य भैरहेको छ ।
- शैक्षिक गुणस्तर सुधारका लागि सामुदायिक विद्यालयका प्र.अ. हरूले बन्दीपुर गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखासंग र शिक्षकहरूले प्र.अ. सँग कार्यसम्पादन सम्झैता गरेको, सम्झौतामा रहेको सूचकमा आधारित भई शिक्षकलाई पुरस्कार र सजायको व्यवस्था गर्ने निति लिईएको।
- सबै माध्यमिक विद्यालय र कक्षा १-८ संचालित सबै अधारभुत विद्यालयमा सुचना प्रविधि प्रयोगशाला स्थापना गरि शिक्षण सिकाइमा सुचना प्रविधिको प्रयोग गरिएको ।
- सबै माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला र पुस्तकालयको व्यवस्था क्रमश गरि समुचित प्रयोगमा रहेको ।

- सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयमा अध्यापनरत शिक्षकहरूको पेशागत विकासका विभिन्न तालिमहरू संचालन गरिएका ।
- अभिभावकहरूलार्इ विद्यार्थीको शिक्षण सिकाइमा जिम्मेबार बनाउन अभिभावक निर्मित शैक्षिक सामाग्री प्रदर्शनी, कक्षागत अभिभावक भेला, खुला विद्यालय अभियान, अभिभावक संचार डायरीको व्यवस्थापन गरिएको ।
- विद्यालयमा अधारित शिक्षकका पेशागत विकासका लागि पाठ अध्ययन संचालन गरिएको ।
- सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६ देखि १२ का छात्राहरूको लागि सेनिटरी प्याडको व्यवस्था गरिएको ।
- शैक्षिक सत्र २०८० को लागि शैक्षिक पात्रो निर्माण तथा कार्यन्वयन गरिएको ।
- पालिकास्तरीय विद्यालय अनुगमन समितिबाट विद्यालयमा नियमित अनुगमन तथा सुपरीवेक्षण, कक्षा अवलोकन र सिकाइ उपलब्धी मापन परिक्षण गरिएको।
- बन्दीपुर गाउँपालिका भित्रका युवाहरुलाई गाउँ सभाको अभ्यास गराउन नमुना युवा गाउँसभा संसद अभ्यास कार्यक्रम सम्पन्न ।
- बन्दीपुर गाउँपालिका भित्र रहेका खेलाडीको प्रतिभा प्रस्फुटन गर्न अध्यक्ष कप भलिवल तथा फुटवल प्रतियोगिता सम्पन्न भएको।
- बन्दीपुर गाउँपालिका अन्तर्गतका कक्षा १-८ संचालित आधारभुत विद्यालय र माध्यमिक विद्यालयलाई खेलकुद सामग्री वितरण गरिएको।
- ४ वटा विद्यालयको भत्तेलेखन र कक्षाकोठा व्यवस्थापनका साथै ७ वटा विद्यालयमा विधुतिकरणको कार्य गरिएको ।
- कक्षा १-५ संचालित सवै सामुदायिक विद्यालयमा एक थान कम्प्युटर र एक थान प्रिन्टर वितरणको प्रक्रियामा रहेको ।
- शिक्षकलाई वार्षिक र दैनिक शैक्षिक योजना निर्माणका लागि शिक्षक डायरीको व्यवस्थापन गरिएको ।
- बन्दीपुर गाउँपालिकाको शैक्षिक गुणस्तर सुधारका लागि सरोकारवालासँग अन्तरक्रिया गरिएको

भौतिक तर्फ - मुख्य उपलब्धिहरु

- पवित्रा माध्यमिक विद्यालयमा नमुना विद्यालय गुरूयोजना अन्तर्गत छात्राबास निर्माण कार्य भैरहेको
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत २ वटा विद्यालयमा सुचना प्रविधि प्रयोगशाला व्यवस्थापनका लागि सम्झौता भएको ।
- सशर्त कार्यक्रम अन्तर्गत १ वटा पुस्तकालय, र १ वटा विज्ञान प्रयोगशाला स्थापनाका लागि सम्झौता भएको ।
- बन्दीपुर गाउँपालिका अन्तर्गतका सवै ३१ वटा विद्यालयमा ईन्टरनेट जडानका लागि बजेट विनियोजन भई कार्य भैरहेको ।
- झारगाउँ आ.वि. का लागि ४ कोठे भवन र शिवशक्ति आ.वि. का लागि २ कोठे भवन निर्माणाधिन रहेको ।
- शिव मा.वि. का लागि ४ कोठे भवन र शान्ती आ.वि. का लागि २ कोठे भवन निर्माणाधिन रहेको

## श्रम तथा रोजगार तर्फ

- स्थानीय सरकार सँचालन ऐन अनुसार गाउँपालिकामा आव २०८०।८१ का लागि ३५० जना बेरोजगारहरुको तथ्याँक सँकलन छानबिन र प्रमाणिकरण गरि रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ठ।
- प्रत्येक वर्ष रोजगार सेवा केन्द्र मार्फत सूचिकृत बेरोजगारलाई न्युनतम रोजगार दिने कार्यक्रम अन्तरगत चालु आ.व.मा सुचिकृत १६१ जना मध्ये न्युनतम रोजगारीमा छनौट भएका ५० जना
- हाल सम्म औषतमा ७५ दिन रोजगारी श्रृजना (लक्ष्यः- १०० दिन)
- वैदेशिक रोजगारिमा जाने व्यक्तीहरुका लागि श्रम स्वीकृती र पुनःश्रम स्वीकृतीका हाल सम्म १२ जनाको पुन श्रम स्वीकृति प्रदान जसको कारण पैसा र समयको बचत ।
- वैदेशिक रोजगारीमा रहेका नागरिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध ।
- श्रमको सम्मान राष्ट्रको अभियान सँचालन
- रिटर्नी तथ्याक सँकलन तथा सँजाल निर्माण
- ४ वटा समुहलाई सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी समुदाय अभिमुखिकरण र वैदेशिक रोजगारीमा जाने सँभावित व्यक्तीहरुका लागि गहन अभिमुखिकरण सम्पन्न
- रिटर्नी स्वयसेवक मार्फत ८०३ जनालाई सूचनामा पहुँच
- वित्तीय साक्षरता अन्तरगत ४ वटा समुहका ९६ जनालाई वित्तिय साक्षरता सम्बन्धी कक्षा सँचालन
- स्थानीय तह मार्फत मनोसामाजिक परामर्श सेवा उपलब्ध ।
- वैदेशिक रोजगारिमा रहेका नेपाली नागरिक तथा निजको परिवारलाई प्रदान गरिने राहत उद्धार तथा अन्य कल्याणकारी सेवा स्थानीय तह मार्फत थप प्रभावकारी रुपमा उपलब्ध गराउने नीति अनुसार हाल सम्म १२ जनाले वैदेशिक रोजगारीमा रहेका घरपरिवारलाई प्रदान गरिने उपचार सहयोग कार्यक्रम अन्तरगत ३ जनाले जनही ५० हजारका दरले रकम प्राप्त भएको छ भने बाकी प्रक्रियमा रहेको छ ।
- वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तीलाई सिप अनुसारको व्यवसाय सँचालन र रोजगारी श्रृजना गरि समाजमा पुन एकिकरण गर्ने नीति अनुसार वैदेशिक रोजगारीबाट फर्किएका उद्यमशिल यूवाहरुलाई प्रदान गरिने अनुदान कार्यक्रमको मापदण्ड २०७९ राजपत्रमा प्रकाशित गरि अनुदान वितरणको कार्य भईरहेको छ ।

## सामाजिक सुरक्षा तथा पञ्जिकरण

- भत्ता बितरणलाई लाभग्राहीको घर घरमा पुर्याउन ब्यबस्था भएको ।
- सामाजिक सुरक्षा भत्ता भुक्तानी प्रकृयालाई पुर्ण रुपमा बैङ्किङ्ग बाट सुरु भएको ।
- सामाजिक सुरक्षा भत्ता लाभग्रीको दोहोरो प्रबिष्ट , दोहोरो सेवा लिने लाभग्राहीको डाटा शुद्धिकरणको माध्यमबाट शुद्धिकरण गरिएको ।
- बन्दीपुर गाउँपालिका भित्र २६७६ जना सामाजिक सुरक्षा लाभग्राहीले सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका छन् ।
- बन्दीपुर गाउँपालिका भित्रका सबै वडा कार्यालयबाट अनलाईन काम सुरु भएको ।

- VPN जडान गरि सबै वडामा  ब्यक्तिगत घटना दर्ता  प्रणालि सुरक्षित बाउदै यस आ.ब मा बन्दिपुरको ६ वटा बडा बाट जम्मा ८९८ घटना दर्ता गरिएको ।

## न्यायिक_समिति

- न्यायको प्रत्याभूतिलाई सर्वव्यापी र पँहुचलाई सरल एंव सहज तुल्याउने उदेश्यले नागरिकको घरदैलोमा न्याय सेवा पुर्याउन तथा स्थानीय स्तरका विवादहरु समाधनार्थ मेलमिलाप गराउन चालु आ.व. मा कूल उजुरी ९ वटा भएकोमा ४ वटा निवेदनहरु मिलापत्र गराइएको छ । अनुसन्धान गरी तहकिकात प्रयोजनका लागी ईलाका प्रहरी कार्यालयमा सिफारिस गरिएको छ, मेलमिलाप गर्ने गराउने प्रयोजनका लागी वडा कार्यालय मार्फत मेलमिलाप गराइएको छ साथै न्याय सम्पादनको प्रक्रियामा २ वटा निवेदन रहेको  छ ।

## महिला, वालवालिका तथा जेष्ठ नागरिक

- लैङ्गिक हिंसा तथा घरेलु हिंसा न्युनिकरण का लागी अभिमुखिकरण कार्यक्रम  १
- अपाङ्गता भएका व्यक्तिमाथि हुने हिंसा न्युनिकरण का लागि अन्तरक्रिया कार्यक्रम १
- वाल श्रम र बालविवाह न्युनिकरण का लागि सचेतना मुलक कार्यक्रम -१
- ज्येष्ठ, विपन्न दलित महिलाहरुलाई पछ्यौरा र हरलिक्स् वितरण।
- अपाङ्गता समन्वय समितिको बैठक ३

**अब म आर्थिक वर्ष २०८०।८१ का लागि बन्दिपुर गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।**

**कृषि तथा पशुपन्छीतर्फ:**

१. कृषिमा श्रम तथा लागत न्यूनिकरण गर्न नवीनतम कृषि प्रविधिको प्रयोग गरी कृषिको आधुनिकीकरण व्यवसायीकरण र यान्त्रीकरण मार्फत उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न कृषकहरुलाई अनुदानमा आधुनिक कृषि उपकरण वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२. स्थानीय माग र आवश्यकताको आधारमा स्वरोजगार सिर्जना गर्न टोल- टोलमा कृषक समूह गठन गरी यूवा जनशक्तिलाई व्यवसायिक कृषि प्रणाली तर्फ थप आकर्षित बनाईने छ ।

३. स्थानिय जातका फलफूलहरुको संरक्षण गर्दै पालिका भरीनै सम्भाव्यता अध्ययन गरी आँप, सुन्तला, कागती, केरा, निबुवा लगायतका फलफूल खेतीलाई व्यवसायिकरण गरिनेछ ।

४. चामल आयातलाई घटाउँदै पालिका भित्र उत्पादित धानलाई एकत्रित गरी आफ्नै उत्पादनलाई प्रोत्साहन गर्ने निती अवलम्बन गरिनेछ ।

५. नगदे बालीहरुलाई संकलन केन्द्र मार्फत बजारीकरण गरिनेछ साथै आन्तरिक उत्पादनलाई आत्मनिर्भर बनाउँदै लैजाने नीति अवलम्वन गरिनेछ ।

६. एक वडा एक उत्पादनलाई प्राथमिकता दिई एक वडा एक पकेट कार्यक्रम सञ्चालन गरिनेछ ।

७. एक वडा एक कृषि तथा पशु प्राविधिकको अवधारणा अनुसार प्रत्येक वडामा कृषि प्राविधिकको व्यवस्था गरिनेछ । उत्पादित कृषि उपजलाई वडागत संकलन केन्द्र मार्फत वितरण प्रणालीलाई सवल बनाइनेछ। विचैलियाको अन्त्य गरिनेछ ।

८. कृषि उत्पादनमा वृद्धिका लागी उचित मलखाद तथा रसायनिक मलको आपूर्तिलाई सहज बनाइनेछ।

९. अर्गानिक कृषि उत्पादनमा जोड दिइनेछ ।जसका लागी अर्गानिक उत्पादन गर्ने कृषकलाई उचित प्रोत्साहन गरिनेछ ।

१०. कृषिको आधुनिकीकरण र व्यवसायिकीकरणको लागी कृषक एवम् कृषि प्राविधिकलाई आवश्यक तालिम प्रदान गरिनेछ ।

११. कृषिको आधुनिकीकरण र व्यवसायिकीकरणका लागी उन्नत किसिमको बिउ, बिजन र प्रविधि हस्तान्तरण गरिनेछ ।

१२. कृषि उत्पादनको विस्तार एबम् बजारीकरणको लागी कृषि उपज संकलनको उचित व्यवस्था गरिनेछ।

१३. गाउँपालिका भित्रका कृषकहरुको तथ्यांक एकिकृत गर्न किसान सूचिकरण कार्यक्रम तथा कृषि, पशुपन्छी तथा मत्स्य तथ्यांक अद्यावधिक कार्यक्रम संचालन गरिनेछ ।

१४. पशुको नश्ल सुधारका लागी नयाँ प्रविधिको विकास र प्रयोग गरिनेछ ।

१५. बाख्रा पकेट क्षेत्र थप वडाहरुमा विस्तार गरी नयाँ किसान उत्पादन गरिन्छ ।

१६. व्यवस्थित पशुपालनको लागी भकारो सुधार र गोठ सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१७. पशुमा लाग्ने रोगहरु पहिचान गरी समयमा नै उपचारको लागी इपिडिमियोलोजी रिपोर्टिङ्ग कार्यक्रम संचालन गरिनेछ ।

१८. साना व्यवसायिक कृषि उत्पादन केन्द्र( पकेट) विकास कार्यक्रम निरन्तरता दिई तथा थप पकेट केन्द्रहरुको पहिचान गरी उत्पादनमा प्रोत्साहन गरिनेछ ।

१९. खाद्य तथा पोषण सुरक्षाको प्रमुख आधारको रुपमा रहेका निकै कम खेती गर्ने रैथाने जातका बालीहरु जस्तै कोदो, चिनो, कागुनो, मकै, मुसुरो, धान, गँहु, बोडी, भटमास, मस्याम, गहत, आदी स्थानीय बालीहरुको प्रवर्द्धन गर्नका लागि जोड दिइनेछ।

२०. कृषक पहिचान तथा तथ्याङ्क तयार गरी कृषक वर्गीकरणमा जोड दिई उत्कृष्ट कृषक पहिचान र सम्मानमा तथा उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम सञ्चालन गरिनेछ ।

२१. रासायनिक मल तथा विषादीको प्रयोग न्यूनिकरण गरी प्रांगारिक खेती तर्फ उन्मुख गराउन जोड दिइनेछ।

२२. राष्ट्रिय लक्ष्य बमोजिमको संकलन हासिल गर्न कृषि उत्पादनको समर्थन मूल्य तोकिने छ भने कृषि व्यवसायमा यूवा जनशक्तिलाई आकर्षित गर्न Start Up कार्यक्रममा सहकार्य गरिनेछ ।

२३. गुरु किसानको पहिचान गरी कृषि प्रसार एजेन्टको रुपमा परिचालित गर्न संघीय सरकार र गण्डकी प्रदेश सरकारसँग समन्वय, सहकार्य गरिनेछ ।

२४. पशुपालन विकासका लागी उन्नत पशु विउ तथा नश्ल सुधारको व्यवस्था गरिनेछ। रोग पहिचान, खोप कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२५. उत्पादन र उत्पादकत्त्व अभिवृद्धि गर्न संभाव्यता र आवश्यकता साथै मागको आधारमा चक्लाबन्दीलाई ब्यवस्थित गरि सामुहिक र व्यक्तिगत खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ ।

२६. निर्बाहमुखी कृषि प्रणालीलाई व्यवसायिकतामा परिवर्तन गरी रसायनिक विषादी न्यूनिकरणका साथ अर्गानिक उत्पादन मार्फत विद्यालय खाजा खुवाउने कार्यलाई अनिवार्य गरिनेछ।

२७. दुग्ध ब्यवसायलाई प्रोत्साहन गर्दै प्रति लिटर अनुदानलाई निरन्तरता गरी याम्पा, नाहाला, बेलभञ्ज्याङ्ग, सेराटार र सुकौरालाई गाई भैसी पकेट क्षेत्र घोषणा गरी उत्पादकत्व वृद्धि गर्ने खालका कार्यक्रम सुरु गरिनेछ ।

२८. स्थानीय उत्पादनलाई प्रवर्धन र बजारीकरण गरी आयतलाई घटाउने नीति अवलम्बन गर्दै स्थानीय उत्पादन उपभोग गर्ने कार्यलाई बढावा दिई स्थानीय उत्पादन खरिद बिक्री गर्ने कार्यलाई प्रोत्साहित गरी ६ वटै वडामा संकलन केन्द्र स्थापना गरी कार्य सञ्चालन गरिनेछ ।

२९. माटोको अवस्थाबारे जानकारी प्राप्त गर्न प्रत्येक वडामा माटो जाँच शिविर सञ्चालन गरिनेछ ।

३०. पि.पि. आर, रेविज, खोरेत, लम्पी स्क्रीन लगायत अन्य पशु खोपको व्यवस्था गरिनेछ।

३१. उन्नत जातका घाँस खेती तर्फ कृषकहरुलाई उत्पेरित गरी घाँस र गोवर मलमा अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।घाँसको बिउ उत्पादन गर्ने स्रोत केन्द्रको रुपमा विकास गर्दै लगिने छ ।

३२. कृषि तथा पशुपालनका लागी दिइने अनुदानहरु निश्चित मापदण्ड र कार्यविधि अनुसार वितरण गरी पारदर्शी एंवम विश्वसनिय बनाइने छ ।

३३. कृषि तथा पशु बिमा कार्यक्रमलाई प्रभावकारी बनाउन बिभिन्न संघ संस्थाहरुसँग सहकार्य गरिनेछ ।

३४. साना सिंचाई कार्यक्रमलाई थप विस्ता गरिनेछ ।

३५. दलित, गरिब तथा विपन्न वर्गलाई विशेष प्राथमिकताका साथ कृषि तथा पशुपालनबाट यूवा लक्षित कार्यक्रमलाई अभियानका साथ योजना अगाडी बढाइने छ ।

३६. प्रदेश सरकार र केन्द्र सरकारको साझेदारी सह- लगानीमा पशुपालनलाई उत्पादन मुलक आर्थिक र रोजगारी मुलक सम्मानित पेशाको रुपमा विकशित गरिनेछ ।

३७. बन्दिपुर गाउँपालिकालाई तनहुँ जिल्लाका साथै गण्डकी प्रदेशमा नै उत्कृष्ट पशुपालन क्षेत्रको रुपमा पहिचान हुने गरी विकास गरिनेछ ।

३८. ६ वटै वडाहरुमा तरकारीहरुको नर्सरी स्थापना गरी तरकारी उत्पादन वृद्धि गरी स्थानीय स्तरमा नै बजारीकरणको व्यवस्था मिलाइने छ ।

३९. बन्दिपुर गाउँपालिका माहुरी पालनको लागी उपयुक्त स्थान देखिएकोले सम्भाव्यता अध्ययन गरी पकेट क्षेत्रको रुपमा विस्तार गरिनेछ ।

४०. बन्दिपुर गाउँपालिका भित्र दुग्ध प्रशोधन केन्द्र स्थापनाको लागी सम्भाव्यता अध्ययन गरिनेछ ।

४१. पशु आहारको रुपमा रहेको दाना उद्योग स्थापनाको लागी सम्भाव्यता अध्ययन गरिनेछ ।

४२. बन्दिपुर गाउँपालिका भरी उपयुक्त स्थानमा हाट बजार सञ्चालन गरी स्थानीय उत्पादनलाई प्रोत्साहन र प्रबर्धन गरिनेछ ।

४३. व्यवसायीक कृषकहरुको प्रोफाइल तयार पारिनेछ ।

४४. एभोकाडो, ड्रयागन फुड, मेवा, काफल, लिची, तरबुजा, कालो उखु, हलुवावेद जस्ता नयाँ प्रकारका फलफूलहरुको खेतीको विकास र विस्तार गरिनेछ ।

४५. बन्दिपुरको पर्यटनलाई लक्षित गरी खरायो पालनलाई थप प्रोत्साहन गरिनेछ ।

४६. बंगुर र माछा पालन व्यवसायलाई थप विस्तार गरिनेछ ।

४७. स्थानीय बजारमा खपत हुने खाद्यान्नहरु, बदाम, सखरखण्डा, तिल, तोरी जस्ता उत्पादनको थप प्रवर्धन र विस्तार गरिनेछ ।

४८. पर्यटनलाई कृषिसंग आवद्ध गर्न कृषि पर्यटन( Agro Tourism) को नीति अबलम्बन गरिनेछ । प्रत्येक वडालाई कम्तिमा एक उत्पादन मार्फत विशिष्ट पहिचान गराइनेछ । सुन्तलालाई बन्दिपुरको उर्वर भुमीको रुपमा चिनाउन तथा बन्दिपुरको रसिलो र गुलियो सुन्तलाको माध्यमबाट बन्दिपुर बासीमा आर्थिक स्तर उकास्न उपयुक्त स्थानमा नर्सरीको स्थापना गरी सुन्तला खेतीलाई प्रोत्साहन गरिनेछ ।

## उद्योग, वाणिज्य तथा आपूर्ति तर्फः

४९. गाउँपालिका र प्रदेश सरकारसँगको सहकार्यमा बन्दिपुरे जनताले उपभोग गर्ने वस्तुहरुको उत्पादनलाई अभिवृद्धि गर्न साना तथा घरेलु उद्योग स्थापनाको लागी आवश्यक तालिम र प्राविधिक सहयोग उपलब्ध गराउँदै उद्योग स्थापना गर्न प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

५०. बन्दिपुरमा स्थापना भएका सबै प्रकारका व्यापारिक संस्था, औद्योगिक संस्था, वित्तीय संस्था लगायत सम्पूर्ण संघ-संस्थाहरुको विषयगत प्रोफाइल अध्यावधिक गरी करको दायरामा ल्याउने नीति अवलम्बन गरिनेछ ।

५१. कर प्रणालीलाई व्यवस्थित बनाई असल करदातालाई पुरस्कृत गरिनेछ ।

५२. स्वंयमकर घोषणा पद्धतिलाई प्रोत्साहन गरी करदाता शिक्षालाई प्रभावकारी बनाइनेछ ।

५३. उपभोक्ता हित संरक्षण गर्न नियमित रुपमा मासिक बजार अनुगमन तथा नियमन गरिनेछ ।

५४. कर बढी संकलन हुने क्षेत्रको विकासलाई प्राथमिकतामा राखी गाउँ र शहरका जनता बीचको सम्बन्ध सुमधुर बनाइनेछ ।

५५. साना तथा घरेलु उद्योग, परम्परागत पेशा व्यवसायको स्थापना, विकास, विस्तार तथा संरक्षण र प्रवर्द्धनमा विशेष जोड दिईनेछ ।

५६. निर्माणाधिन औद्योगिक ग्रामको समयमा नै सम्पन्न गर्नको लागी आवश्यक पहल गरिनेछ ।

५७. स्थानीय आवश्यकताका आधारमा आय तथा रोजगार अभिवृद्धिका लागी महिला, दलित, आदिवासी/ जनजाती र विपन्न समुदायलाई लक्षित गरी लघु उद्यम विकास (मेड्पा मोडल) बमोजिम युवाहरुलाई सीपमूलक तालिम मार्फत नयाँ उद्यमी सिर्जना गरिनेछ।

५८. स्थानीय उत्पादनको उत्पादकत्व र बजारीकरण वृद्धि गर्न प्राविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ।

५९. हाल सञ्चालनमा नरहेका उद्यम तर पुनस्थापना गर्न चाहने तथा सञ्चालनमा रहेका उद्यमको स्तरोन्नतीको लागी आवश्यक पर्न सक्ने सहयोगका क्षेत्रमा पुनतार्जगी र एड्भान्स सीप विकास तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

६०. स्थानीय मौलिक स्थान विशेष उत्पादनको पहिचान गरी बजार सम्भाव्यता अध्ययन गरी उक्त उत्पादनको ब्राण्डिङ्ग गरिनेछ ।

६१. साना तथा घरेलु उद्योग, परम्परागत पेशा व्यवसाय स्थापना, प्रवर्धन र विकास गरिनेछ ।

६२. पालिकाले सञ्चालन गरेका सिपमूलक तालिमबाट उत्पादन गरेका हस्तकला सामानहरुको बजारीकरण गरिनेछ ।

६३. घरेलु तथा सहयोगी संस्थाहरुको सहकार्यमा लघु घरेलु तथा साना उद्यमीलाई उद्यम विकास तालिम तथा औजार यन्त्र उपकरण प्रदान गरिने छ ।

६४. लघु उद्यमको प्रवर्धन गरी गरिबी निवारणमा टेवा पुर्याउनका लागी लघु उद्यम विकास कार्यक्रम सञ्चालनको लागी संभावित उद्यमी छनौट गरी कार्यक्रम सञ्चालन गरिने छ ।

६५. स्थानीय कला सिप र प्रविधिको संरक्षण गर्दै गाउँपालिकाको पहिचान झल्कने वस्तुहरुको उत्पादन वृद्धि गर्न घरेलु तथा साना उद्योगहरुको प्रवर्धन गरिने छ । साथै उद्योग सञ्चालन गरी रहनु भएकाहरुलाई प्रोत्साहित गर्दै पुर्नताजगी तालिम प्रदान गरिने छ ।

६६. आत्म निर्भर आयत प्रतिस्थापन तथा निर्यात जन्य उत्पादनमा लगानी वृद्धि गरी प्रोत्सहित गरिने छ ।

६७. उद्यमीहरुलाई उद्यम सञ्चालनका लागी उत्प्रेरित गर्न बजारीकरण र वित्तीय सेवामा सहजिकरण गर्ने नीति लिइने छ ।

६८. कृषि तथा पशुपन्छी एंवम् अन्य वस्तुमा आधारित उद्योगको स्थापना सञ्चालन तथा सुढृढिकरण कार्यलाई प्रोत्साहन बजारीकरण र विशेष अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने छ ।

## पर्यटन तर्फ:

६९. गण्डकी प्रदेशको दोश्रो पर्यटकीय गन्तव्य एंव पहाडकी रानीको नामले परिचित बन्दिपुर साथै ६ वटै वडामा पर्यटकीय स्थलहरुको दीगो विकासका लागी संरक्षण संवर्द्धन र प्रवर्द्धन गरी बन्दिपुर गाउँपालिकालाई पर्यटकीय केन्द्र निर्माण गरिनेछ ।

७०. पालिका भित्र रहेका पर्यटकीय गाउँहरु प्राथमिकताको आधारमा नमूनाको रुपमा विकास गर्दै लगिनेछ।

७१. पालिका भित्र रहेका पर्यटनसंग आवद्ध संस्थाहरुलाई सक्रीय र संगठित बनाउँदै पर्यटन गरिविधि सञ्चालन गरिनेछ ।

७२. उज्यालो बन्दिपुर अन्तर्गत उज्यालो गाउँ अभियानलाई निरन्तरता दिइनेछ ।

७३. बन्दिपुरमा रहेका पर्यटकीय स्थलहरुको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गरिनेछ ।

७४. पर्यटन लक्षित उत्पादन प्रवर्द्धनलाई प्रोत्साहन गरी थप रोजगारी सिर्जना गरिनेछ ।

७५. होमस्टेहरुको संरक्षण सम्बर्द्धन र प्रवर्द्धन गरी होमस्टे सर्किटको विकास गरिनेछ ।

७६. सहासिक पर्यटनहरु जिप फ्लाइङ्ग, प्यारागलाईडिङ्ग, रक क्लाईमिङ्गको सम्भाव्यता अध्ययन गरिनेछ ।

७७. बन्दिपुरमा आउने पर्यटकहरुको लगत राख्न र होमस्टे, होटलहरुको एकिकृत जानकारी गराउन पर्यटन सुचना केन्द्रको स्थापना गरिनेछ ।

७८. मुकुन्देश्वरी पदमार्गको निर्माणलाई निरन्तरता दिइनेछ ।

७९. पालिका भित्र रहेका सम्भावित पर्यटकिय गन्तव्यहरुको पहिचान गरी तथ्य र तथ्याङ्क संकलन गर्दै गाउँपालिकाको श्रव्य दृष्य सामाग्री निर्माण गरिनेछ ।

८०. साहासिक, धार्मिक र एग्रो टुरिजम समेत सम्भावना भएकाले सो का लागी पनि कार्यक्रम ल्याईनेछ ।

८१. "सभ्य समाजको गाउँ- बन्दिपुर घुम्न जाऔं" भन्ने नारालाई सार्थक तुल्याईनेछ ।

८२. बन्दिपुरको पर्यटनलाई विश्वसनिय, भरपर्दो र आकर्षक बनाउन विभिन्न प्रवर्धनका कार्यहरु प्राथमिकताका साथ अगाडी बढाइने छ ।

८३. समग्र बन्दिपुर गाउँपालिकाको जनजीवन, भाषा कला, संस्कृती, भेषभुषा, चाडपर्व, रहनसहन र रितीरिवाज झल्कने संग्राहलय निर्माण कार्यको प्रारम्भ गरिनेछ ।

८४. उज्यालो बन्दिपुर कार्यक्रमलाई बजार क्षेत्र लगायत पर्यटकीय गाउँहरुमा थप विस्तार गरिनेछ।

८५. पर्यटकीय क्षेत्र र गाउँहरुका बाटा र गल्लीहरुमा ढुङ्गा, छपनी कार्यलाई थप विस्तार गरिनेछ ।

८६. बन्दिपुर गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरुमा थप क्यू आर कोड मार्फत पर्यटन प्रबर्धन प्रभावकारी बनाईने छ ।

८७. ६ वटै वडाहरुमा रहेका पर्यटकिय स्थलहरुको रितीरिवाज र चाल चलन अनुसार वर्ष भरिनै प्रबर्धन गरी पर्यटकहरुको पहुचलाई सरलिकरणका कार्यक्रमहरु अगाडी बढाउने छ ।

८८. २०८० को माघ महिनामा सिद्ध गुफा पर्यटन महोत्सव गरी प्रयटन प्रवर्धन गरिनेछ ।

८९. पर्यटन सुचना केन्द्र स्थापना गरिनेछ ।

९०. मुकुन्देश्वरी पदमार्गको निर्माणलाई निरन्तरताका साथ थप विस्तार गर्दै हाफ म्याराथोन र साईक्लिङ्ग जस्ता पर्यटन प्रवर्धन लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९१. आन्तरिक र बाह्य पर्यटन प्रवर्धनका लागी उपयुक्त स्थानमा सांस्कृतिक पदर्शनी स्थल बनाइने छ ।

९२. बन्दिपुर गाउँपालिकाको पर्यटकीय क्षेत्रको पहिचान हुने पर्यटन पुस्तक प्रकाशन गरिने छ।

९३. बन्दिपुर-४ रानीवनमा Bird Watching trail निर्माण गरिने छ।

९४. बन्दिपुरबाट छिम्केश्वरी माईको दर्शनको लागी विशेष कार्ययोजना बनाई प्याकेजको रुपमा अगाडी बढाउन नीजि क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

९५. विभिन्न जाती तथा समुदायहरुको मौलिक, संस्कृति, परम्परा, नाचगान, भाषा भेषभुषा संरक्षण, सम्बर्धन र प्रदर्शन गर्ने कार्यक्रमलाई प्राथमिकताका साथ अगाडी बढाइने छ ।

९६. देशका मुख्य शहरहरु काठमाण्डौं, पोखरा, बुटबल र विराटनगरकमा "घुम्न जाउँ बन्दिपुर" सम्बन्धी प्रवर्धानात्मक कार्य सञ्चालन गरिनेछ ।

९७. थानीमाई मन्दिर परिषरमा नेपालको झण्डा राखिनेछ ।

९८. पौराणिक सहरको रुपमा रहेको बन्दिपुर बजार जो बिशेष संरक्षित क्षेत्र, घोषणा समेत गरिएको छ उक्त क्षेत्रलाई थप आकर्षण बनाउन विशेष पौराणिकता झल्कने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९९. पर्यटन लक्षित हस्तकला, Tourist guild, cooking लगायत सिप मूलक तालिम सञ्चालन गरी कोशेली घर सञ्चालनमा ल्याइने छ ।

## सहकारी तर्फ तथा वित्तीय क्षेत्र तर्फः

१००. एक गाउँ एक सहकारी अवधारणाको विकास गरिनेछ ।

१०१. सहकारीको माध्यमद्वारा समाजमा छरिएर रहेको निष्क्रिय पूँजीलाई एकिकृत गरी नागरिकमा बचत गर्ने बानीको विकास गरिनेछ ।

१०२. सहकारी मार्फत सर्वसाधारणलाई सहुलियत दरमा कर्जा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

१०३. सहकारीको क्षमता विकासका लागी आवश्यक तालिमको व्यवस्था मिलाइनेछ ।

१०४. कृषि सहकारीलाई विशेष अनुदानको व्यवस्था गरिनेछ तथा सशक्तिकरणको कार्यक्रम ल्याइनेछ।

१०५. स्थानीय सहकारी संस्थाको गठन, सञ्चालन, व्यवस्थापन तथा नियमनको लागी एकिकृत स्थानीय सहकारी ऐन, नियम, कानुन तथा मापदण्डको निर्माण तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१०६. सहकारी संस्थाको नियमन र निरीक्षणलाई प्राथमिकता दिईनेछ ।

१०७. छरिएर रहेको निस्कृय पूँजीलाई एकिकृत गरी समुचित सदुपयोग र उत्पादन गर्न र क्षमता विकास गरिनेछ

१०८. सहकारीलाई उद्यमशिल क्षेत्रमा लगानी गर्न प्रोत्साहनमुलक काममा लगाईनेछ ।

१०९. गाउँपालिका भित्र रहेका सहकारीको अध्ययन अवलोकन गरी अवस्थाको चित्रण गरिने छ भने सो को प्रभावकारी अभिलेख तयार गरिने छ ।

११०. सहकारीलाई पूँजी निर्माणको महत्त्वपुर्ण माध्यमको रुपमा स्थापित गरी स्थानीय रोजगारी वृद्धि तथा स्थानीय कृषि उद्योग स्थापना र साना घरेलु उद्यममा लगानी गर्ने वातावरणको सृजना गरिने छ।

१११. सहकारी संस्था मार्फत गरिवी निवारण, रोजगारी कृषि तथा पशुपालनको क्षेत्रमा लगानी अभिवृद्धि हुने कार्यक्रमहरु तर्जुमा गरी लागु गरिने छ ।

११२. गाउँपालिका भित्र रहेका बैंकहरुसँग गाउँपालिकाले समन्वय गरी उद्यमी लगायत आय आर्जन र स्वरोजगार बन्ने नागरिकलाई सहुलियत पूर्वकको कर्जा प्रवाह गर्नका लागी सहजिकरण तथा आवश्यकता अनुसार सहयोग गरिने छ ।

११३. सहकारीहरु मर्ज गरेर एउटा विशिष्ट्रिकृत सहकारी निर्माण गरी साना खाले उद्योगहरु सञ्चालनको लागी ठोस योजना ल्याइने छ ।

**सम्मानित गाउँसभा सदस्यज्यूहरु,**

## सामाजिक विकास:

### शिक्षा तर्फ:

**११४.** आधारभूत तहसम्मको शिक्षालाई प्रवर्द्धन गरी विपन्न, कमजोर तथा पिछडिएको वर्ग क्षेत्रका बालबालिकाको विद्यालयमा पहुँच पुर्याउन एंव विद्यालयमा टिकाई राख्न विपन्न लक्षित प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**११५.** शैक्षिक गुणस्तर सुधारको लागी विषयगत, कक्षागत र विद्यालय स्तरको शैक्षिक उपलब्धी मापन गरी सामुदायिक शिक्षामा आकर्षण बढाइनेछ ।

**११६.** स्थानीय पाठ्यक्रम निर्माण सम्पन्न गरी शैक्षिक सत्र 2081 बाट लागु गरिनेछ ।

**११७.** शिक्षकलाई शैक्षिक उपलब्धीको आधारमा दण्ड तथा पुरस्कारको नीति अवलम्बन गरिनेछ ।

**११८.** विद्यालयलाई वातावरणीय क्षेत्र घोषणा गरी शान्त, सितल र सुरम्य वातावरणमा पढ्न पाउने स्थितिको सिर्जना गरिनेछ ।

**११९.** एक विद्यालय एक विज्ञान प्रयोगशाला विकासको अबधारणालाई क्रमश: सवै विद्यालयहरुमा पुर्याइनेछ।

**१२०.** सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागी विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरुलाई उचित तालिमको व्यवस्था गरिनेछ ।

**१२१.** विद्यालयमा विद्यार्थी भर्ना दर शतप्रतिशत कायम गरिनेछ ।

**१२२.** सामुदायिक विद्यालयहरुमा अपाङ्गमैत्री, कम्तिमा आधारभूत खानेपानी तथा शैचालययुक्त र शिक्षण सिकाई कार्यलाई सहयोग पुग्ने सुरक्षित पूर्वाधार विकासमा जोड दिईनेछ ।

**१२३.** सम्पूर्ण जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारी एंव शिक्षकहरुले आफ्ना सन्ततिहरुलाई सामुदायिक विद्यालयमा पढाउनुपर्ने निति अवलम्बन गरिनेछ ।

**१२४.** सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न गुणस्तरीय मापन परीक्षा लिई कमी कमजोरीलाई सुधार गर्दै लगिनेछ ।

**१२५.** एक विद्यालय एक कम्प्युटर अभियान सञ्चालन गरिनेछ ।

**१२६.** सवै विद्यालयहरुलाई आधुनिक सूचना प्रविधिको प्रयोगका लागी सक्षम बनाइनेछ र यसका लागी सबै विद्यालयहरुमा इन्टरनेट तथा आवश्यक उपकरणको व्यवस्था गरिनेछ।

**१२७.** विद्यालयको भौतिक पूर्वाधार निर्माणमा निरन्तरता र विस्तार गर्दै विद्यालयमा अनुकूल शैक्षिक वातावरण निर्माण गरिनेछ ।

**१२८.** गाउँपालिका भित्रका सवै शिक्षकहरुको बैयक्तिक विवरण तथा विद्यालयसम्बन्धी अन्य अभिलेखलाई अद्यावधिक गरी संस्थागत अभिलेखलाई व्यवस्थित बनाइनेछ ।

**१२९.** आधारभूत तह देखी माध्यमिक तह सम्मका बालबालिकाहरु बीच विभिन्न अतिरिक्त क्रियाकलापहरुमा स्वस्थ प्रतिस्पर्धा गराई बालबालिकामा अन्तरनिहित प्रतिभा प्रस्फुटन गरी प्रोत्साहन गर्ने परिपाटिको विकास गरिनेछ

**१३०.** आधारभूत तथा माध्यमिक तहका विषयगत शिक्षकहरुको ज्ञान, सीप र अनुभव आदान प्रदान गरी शिक्षकको पेशागत क्षमता विकासका लागी अनुकुल वातावरणको श्रृजना गरिनेछ ।

**१३१.** कक्षा ८,१० र १२ को अन्तिम परीक्षामा विषयगत उत्कृष्ट औसत सिकाइ उपलब्धी हासिल गराउने विषयगत शिक्षक तथा मेधावी विद्यार्थीहरुलाई पुरस्कृत गरी सिर्जनात्मक कामका लागी थप प्रेरणा र हौसला प्रदान गरिनेछ ।

१३२. विद्यालय अनुगमन प्रणालीको विकास गरी सुधारका लागी पृष्ठपोषण दिनुका साथै शिक्षकको पेशागत विकासका लागी आवश्यक सहजीकरण गरिनेछ ।

१३३. विद्यालयस्तरीय एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) सम्बन्धी तथ्याङ्कलाई अध्यावधिक र चुस्त बनाउन सरोकारवालाहरुको क्षमता विकास गरिनेछ ।

१३४. बाल अधिकारको सुनिश्चितता कायम गरी बालमैत्री स्थानीय शासन (CFLG) कार्यक्रमलाई सबै वडाहरुमा प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१३५. विद्यार्थी संख्या र भूगोल समेतका आधारमा विद्यालयको समायोजन र दरबन्दी मिलानको कार्यलाई निरन्तरता दिइनेछ ।

१३६. स्थानीय पाठ्यक्रमलाई कक्षाकोठामा सहजीकरण गर्न स्थानीय आवश्यकता अनुरुप व्यवहारिक र जीवनोपयोगी एवम् सान्दर्भिक शिक्षक निर्देशिकाको व्यवस्था गरिनेछ । स्थानीय पाठ्यक्रम मार्फत व्यवहारिक र जीवन उपयोगी शिक्षाको कार्यान्वयनमा विशेष जोड दिइनेछ।

१३७. प्र.अ.र पालिका, शिक्षकहरु र प्रअ. वि.व्य.स. अध्यक्ष र पालिकासँग कार्य सम्पादन सम्झौता गरी प्रत्येक चौमासिक परीक्षा पछी विषयगत शैक्षिक गुणस्तर सुधारका कार्यक्रमहरु आक्रामक ढंगले अगाडी बढाउने छ

१३८. पालिका भित्र रहेका सबै ३१ वटै विद्यालयमा शैक्षिक सामाग्रीहरुको प्रयोग, पाठ्योजना निर्माण, मुल्याङ्कन, एकाई परीक्षा, अनुगमन जस्ता नियमति प्रक्रियालाई थप कडाईका साथ कक्षाकोठा गुणस्तरीय शिक्षण सुधार अभियान कार्यक्रमलाई वर्षभरी नै कडाइका साथ निरन्तरता दिई परिणाम निकालिने छ ।

१३९. शिक्षकहरुको क्षमता अभिवृद्धिको लागी विषयगत तालिम सञ्चालन गरिनेछ ।

१४०. शैक्षिक गुणस्तर सुधारका लागी हरेक विषयको एउटा पाठ समाप्त भएपछी एकाई परीक्षा लिने कार्यलाई निरन्तरता दिई गुणस्तर सुधारका थप कार्यक्रमलाई अगाडी बढाइने छ ।

१४१. विद्यालय तहको शिक्षा १-१२ सम्म विपन्न, लक्षित कमजोर तथा पिछडिएका वर्ग क्षेत्रका बालबालिकाको विद्यालयमा पहुँच पुर्याउन एंवम विद्यालयमा टिकाइ राख्न विपन्न लक्षित प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१४२. गाउँपालिका भित्र रहेका जेहेन्दार, अति गरिव, सिमान्तकृत बालबालिकाहरुलाई SEE पछिको अध्ययनको लागी छात्रवृती कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४३. प्रारम्भिक बाल विकास केन्द्रलाई विद्यालय शिक्षाको अभिन्न अंगको रुपमा विकास गर्न आवश्यकताका आधारमा सिकाई वातारणमा सुधार सहजकर्ताको क्षमता विकास एंवम प्रोत्साहनको उचित प्रवन्ध मिलाइने छ ।

१४४. विभिन्न संघ संस्थाहरु सँग सहकार्य गरी सबै विद्यालयमा आधारभूत मापदण्डको स्वच्छ पिउने पानीको व्यवस्थाका लागी क्रमश यूरोगार्ड जडान गरिनेछ ।

१४५. विद्यार्थीको चौतर्फी विकासको लागी विद्यालयहरुमा खेल मैदान निर्माण खेल सामाग्री व्यवस्थापन गरिनेछ ।

१४६. शिक्षालाई सिपसँग, सिपलाई श्रमसँग, श्रमलाई रोजगारसँग, रोजगारीलाई उत्पादनसँग, उत्पादनलाई बजारसँग जोड्नको लागी संघ संस्थाको सहकार्यमा पढ्दै कमाउँदै कार्यक्रम कार्यान्वयनमा जोड दिइने छ

१४७. सामुदायिक विद्यालयको गुणस्तर अभिबृद्धिका लागी सामुदायिक निजी विद्यालय सहकार्य अभियान सञ्चालन गरिनेछ ।

१४८. सबै ३१ वटै विद्यालयहरुमा औचित्य र आवश्यकताको आधारमा दरबन्दी मिलान र स्वयंसेवक शिक्षकका साथै आधारभूत विद्यालयहरुमा पढन सिप विकासका लागी विशेष कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिनेछ ।

१४९. आधारभूत विद्यालयहरु विचको शैक्षिक गुणस्तर अभिवृद्धिका लागी नमुना विद्यालय घोषणा गरी शैक्षिक सुधारका थप कार्यक्रमहरु सञ्चालन गरिनछ ।

१५०. सामुदायिक विद्यालय शैक्षिक सुधारका लागी नमुनाको रुपमा सि.सि. टि.भी. जडान, ई-हाजिरी, शैक्षिक सामाग्री वितरण, बालमैत्री शिक्षा, संस्कारी शिक्षा जस्ता कार्यक्रमहरुलाई क्रमश सबै ३१ वटै विद्यालयमा सञ्चालन गरिनेछ ।

१५१. विद्यालय अनुगमनको क्रममा गुणस्तरीय मापन परीक्षा लिई कमि कमजोरीहरुलाई सुधार गर्दै लैजाने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१५२. कक्षा १-५ पठन सिप विकासको लागि विशेष योजना सञ्चालन गरिनेछ।

## स्वास्थ्य तर्फ:

१५३.बन्दिपुर अस्पतालको सुदृढीकरण गरिनेछ, १५ शैयाबाट ५० शैया बनाउन पहल गरिनेछ ।

१५४.बन्दिपुर गाउँपालिकाका सवै जनताहरुको स्वास्थ्यलाई मध्यनजर राख्दै स्वास्थ्य विमा कार्यक्रमलाई विस्तार गरिनेछ ।

१५५.सरकारी अस्पताल तथा सामुदायिक स्वास्थ्य संस्थाहरुको विश्वसनीयता अभिवृद्धि गर्दै स्वास्थ्य सामाग्री र औषधीको उपलव्धतालाई सुनिश्चितता गराईनेछ ।

१५६.बन्दिपुर गाउँपालिका भित्र रहेका प्रत्येक स्वास्थ्य केन्द्रमा महिनाको १ दिन विशेषज्ञ चित्किसक सहितको स्वास्थ्य सेवाको सुनिश्चितता गराईनेछ ।

१५७.मृगौला सम्बन्धी रोग निवारणका लागी जनचेतना जगाउँदै बन्दिपुर अस्पतालमा मृगौला डायलाइशिस केन्द्र स्थापनाको कार्यलाई अगाडि बढाईनेछ।

१५८.बन्दिपुर अस्पतालमा दन्त सेवा र आँखा रोग उपचार सेवा लाई थप प्रभावकारी गरिनेछ ।

१५९.आँखा, नाक, कान, घाँटी तथा मुख स्वास्थ्य सम्बन्धमा समुदायस्तरमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१६०."स्वास्थ्य विमा बन्दिपुरको जिम्मा" अन्तरगत अपाङ्ग, दलित र विपन्न नागरिकहरुको लागी प्रिमियम अनुदानको प्रवन्ध गरिनेछ ।

१६१."स्वास्थ गाउँशहर बन्दिपुरको बहार, जनतको घर दैलोमा स्वास्थ्य उपचार" भन्ने सोचका साथ दीर्घ रोगी तथा जेष्ठ नागरिक, गर्भवती र सुत्केरीहरुलाई घरदैलोमा स्वास्थ्य परिक्षण र औषधी पुर्याउने व्यवस्था गरिनेछ । साथै " रोग विरुद्ध चेतना व्यक्ति व्यक्तिमा रोगको उपचार बस्ती बस्तीमा" भन्ने नारालाई व्यवहारमा स्थापित गरिनेछ

१६२.अतिस अशक्त, विपन्न नागरिक र सुत्केरी,गर्भवती एंव प्रसुती सेवाका लागी नि:शुल्क एम्वुलेन्स सेवा सुनिश्चित गरिनेछ ।

१६३.पाठेघरको मुखको क्यासरको VIA Test ६ वटै वडाहरु शिविरको रुपमा सञ्चालन गरिनेछ।

१६४.महिलाहरुमा देखिएको आङ खस्ने रोगको उपचारको केन्द्रको रुपमा बन्दिपुर अस्पताललाई विकास गरिनेछ।

१६५.महिलाहरुमा हुने पाठेघर क्यान्सर र स्तन क्यान्सरको चेकजाँचका लागी विशेष कार्यक्रम र सेवा सञ्चालन गरिनेछ ।

१६६.नि: शुल्क आधारभूत स्वास्थ्य सेवामा आम बन्दिपुरबासीको सुलभ र सरल पहुँचको व्यवस्थामा थप सुधार गर्न अत्यावश्यकीय औषधी तथा उपकरणको अभाव हुन नदिने व्यवस्था मिलाइनेछ।

१६७.नागरिकहरुको रोग प्रतिरोधी क्षमता अभिवृद्धिका लागी परम्परागत तथा आयूर्वेदिक चिकित्सा पद्धतिको प्रवर्द्धन गरिने छ।

१६८.अति विपन्न, सिमान्तकृत र विकासको पहुँच नपुगेका क्षेत्रहरुमा शौचालय सुविधा नपुगेका क्षेत्रहरुमा शौचालय विस्तार कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिनेछ ।

१६९.बन्दिपुर अस्पतालमा सञ्चालित सबै सेवाहरुको सुविधा र थप स्तरोन्नती सेवा प्रवाहलाई गुणस्तर र दायरा फराकिलो बनाउँदै व्यापारिक सहर डुम्रे बजारमा OPD र फार्मेसी सेवा विस्तार गरिनेछ । साथै भिडियो एक्सरे सेवालाई प्रभावकारी बनाई रेडियोग्रफरबाट सेवा विस्तार गरिनेछ ।

१७०.बन्दिपुरका सवै जनताहरुको स्वास्थ्य सेवाको पँहुचलाई फराकिलो बनाउँदै जनसंख्या र भुगोलको आधारमा स्वास्थ्य इकाई विस्तार कार्यक्रमलाई अवलम्वन गरिनेछ।

**१७१.** व्यक्तिगत स्वास्थ्यलाई मध्यनजर राख्दै आफ्नो स्वास्थ्यको बारेमा जानकारी प्राप्त गर्न वर्षको १ दिन "मेरो स्वास्थ्य अभियान" सञ्चालन गर्दै प्रत्येक ६।६ महिनामा "Whole body check up" गर्न पर्छ भन्ने चेतनामुलक कार्यक्रमलाई टोल टोलमा पुर्याइने छ ।

**१७२.** बन्दिपुर अस्पतालमा रोकिएको विभिन्न रोगहरुको शल्यक्रिया (OT) सेवा क्रमश सञ्चालनमा ल्याइनेछ।

**१७३.** कोभिड-१९ एंवम अन्य सम्भावित महामारी नियन्त्रणका लागी गुणस्तरीय स्वास्थ्य सेवा औषधी एवंम उपकरण चिकित्सक एंवम स्वास्थ्यकर्मीहरुलाई पूर्ण तयारीका साथ व्यवस्थापन गरिनेछ ।

**१७४.** बन्दिपुर गाउँपालिका वासी सुत्केरी गराउने प्रयोजनको लागी महिलाहरुलाई एम्वुलेन्स सेवा नि: शुल्क गरिनेछ ।

**१७५.** बन्दिपुर अस्पतालमा पोष्टमार्टम र थाइराइट उपचारको आवश्यक समन्वय गरिनछ साथै योग शिविर सञ्चालन गर्दै जडिबुटीको प्रयोग र पूर्वजनका कार्यहरुलाई अगाडी बढाइने छ ।

**१७६.** आयूर्वेद औषधालयलाई चिकित्सक सहितको सुविधा सम्पन्न आयूर्वेद उपचार केन्द्रको रुपमा विकास गरिनेछ

**१७७.** स्थानीय स्वास्थ्य सेवा नियमावली यथाशिघ्र निर्माण गरिनेछ ।

**१७८.** नसर्ने रोगहरुकोन रोकथाम तथा नियन्त्रणका लागी व्यक्ति, परिवार, समाज तथा सम्बन्धीत निकायलाई जिम्मेवार बनाउँदै एकिकृत स्वास्थ्य प्रणालीको विकास तथा विस्तार गरिनेछ ।

**१७९.** पोषणको अवस्थालाई सुधार गर्न मिसावटयुक्त तथा हानिकारक खानालाई निरुत्साहित गर्दै गुणस्तरीय एंवम स्वास्थ्य वर्धक खाद्यपदार्थको प्रवर्धन र तयारी खाद्यपदार्थको अनुगमन प्रक्रियालाई निरन्तरता दिइएको छ ।

## खानेपानी तर्फः

१८०. अपुरा खानेपानी योजनाहरुलाई सम्पन्न गरिनेछ ।भुमर्से डिपबोरिङ्ग तथा बाङ्गेसिमल खानेपानी आयोजनालाई आगामी आर्थिक वर्षभित्र सम्पन्न गर्ने गरी कार्य अगाडी बढाइनेछ ।

१८१. आगामी ५ वर्षभित्र सबै घरधुरीलाई सफा एंव स्वच्छ खानेपानी उपलब्ध गराइनेछ।

१८२. खानेपानीको वितरण प्रणालीलाई थप प्रभावकारी एंब व्यवस्थित तुल्याइनेछ ।

१८३. परम्परागत पानी पोखरी, ढुङ्गेधारा र मुलको संरक्षण गरिनेछ।

१८४. गाउँपालिकाको साधन र स्रोतको समुचित उपयोग गर्दै पालिकाको क्षमता अनुसार एक घर एक धारा खानेपानी योजनालाई निरन्तरता दिइने साथै ठूला योजनाहरुलाई प्रदेश र केन्द्रसँग समन्वय गरी नयाँ योजनाहरुलाई अगाडी वढाउने र वहुवर्षे योजनाहरुलाई छिट्टो सम्पन्न गर्न पहल गरिने छ ।

१८५. बन्दिपुर गाउँपालिका भित्र रहेका सञ्चालनमा रहेका खानेपानीहरुको मर्मत संभार कार्यलाई निरन्तरता दिइने छ । साथै सबै खानपानी योजनाहरुलाई सुचिकरण गरिने छ ।

१८६. साना खाले खानेपानी योजनालाई पालिका स्तरबाट निर्माण गरिने छ ।

१८७. विद्यालयहरुमा आधारभूत मापदण्डको खानेपानीको प्रवन्ध गरिने छ ।

१८८. पर्यटकीय नगरी बन्दिपुरमा Water Atm जडान गरिने छ ।

१८९. अशुद्ध खानेपानीबाट धेरै रोगहरु लाग्ने भएकाले सुरक्षित स्वच्छ पानी खानुपर्ने विषयलाई जन चेतना मुलक कार्यक्रमको रुपमा अगाडी बढाइने छ साथै पानी परिक्षण गर्ने प्रबन्ध मिलाईनेछ।

१९०. एक घर एक धारा नीति अनुरुप खानेपानीको पँहुच पुग्न नसकेका घरधुरीहरुमा नेपाल सरकार र गण्डकी प्रदेश सरकारसँग सहकार्य गर्दै धाराहरुलाई पक्की धाराको रुपमा विकासित गरिनेछ ।

१९१. गाउँ क्षेत्र भित्र सञ्चालित आयोजनाहरुको सम्बन्धमा गाउँपालिका जलस्रोत ऐन र नियमावली बमोजिमको स्थायी उपभोक्ता समिति गठन तथा सञ्चालन गरी खानेपानीका स्रोतकको सञ्चालन, मर्मत सम्भार र दिगो व्यवस्थापनको प्रबन्ध गरिनेछ ।

१९२. गुणस्तरीय खानेपानी वितरणको अबधारणालाई अबलम्बन गर्दै सञ्चालित सबै आयोजनाहरुको खानेपानी परीक्षण र शुद्धिकरण अभियानको रुपमा सञ्चालन गरिनेछ ।

१९३. पानीको न्यूनतम महशुल छुट गर्ने सम्बन्धमा अध्ययन गरी आवश्यक व्यवस्था मिलाइने छ ।

## संस्कृति प्रबर्द्धन तर्फः

१९४. गाउँपालिकाभित्र रहेका मौलिक संस्कृतिहरुको संरक्षण र प्रवर्द्धन गर्न विशेष पहल गरिनेछ । साथै चाडपर्व, सामाजिक रितिरिवाजलाई भड्किलो नबनाई सामान्यरुपले मनाउन जनसचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१९५. समाजका अशान्ति, विवाद तथा झै-झगडालाई निरुत्साहित गर्दै चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।

१९६. बर्षमा एक पटक कविता, गजल, वक्तृत्वकला लगायतका साहित्यिक कार्यक्रम आयोजना गरिनेछ साथै बन्दिपुर सम्बन्धी प्रकाशनमा जोड दिईनेछ।

१९७. बन्दिपुर सांस्कृतिक केन्द्र निर्माण गरिनेछ ।

१९८. पर्यटकीय, पुरातात्विक, ऐतिहासिक एंव सांस्कृतिक विशेषतायुक्त बन्दिपुर बजारको मौलिकता संरक्षण गर्न विशेष पहल गरिनेछ ।

## युवा, श्रम तथा रोजगार तर्फः

१९९. रोजगार सेवा केन्द्रबाट वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृत र पुनः श्रम स्वीकृति प्रभावकारी तरिकाले कार्यान्वयन गरिनेछ साथै राहदानी र राष्ट्रिय परिचयपत्रको अनलाईन फारम भरि सहजिकरण गरिनेछ।

२००. युवाहरुलाई बजार लक्षित कार्यक्रम सञ्चालन गरी साना तथा घरेलु उद्योग स्थापनाको लागी प्रोत्साहन गरिनेछ ।

२०१. बन्दिपुरको पर्यटनलाई मध्यनजर राखी हस्तकलाका सामान उत्पादन गर्ने तालिमबाट दक्षता अभिवृद्धि गरी स्वरोजगार सिर्जना गरिनेछ।

२०२. गाउँपालिकामा उपलब्ध हुने स्रोत तथा साधनहरुलाई एकिकृत गरी रोजगारी प्रवर्द्धन गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत "युवा रोजगारीका लागी रुपान्तरण पहल" कार्यक्रम सञ्चालन गरिनेछ ।

२०३. निर्माण व्यवसायीबाट सम्पन्न हुने आयोजनाहरुमा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारहरुलाई संलग्न गराउन प्राथमिकता दिनुपर्ने प्रचलित कानुनलाई मजबुत बनाइनेछ।

२०४. विकास निर्माणका योजनाहरु छनौट गर्दा श्रममुलक (Labour Intensive ) योजनालाई प्राथमिकता दिदै प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागी आवश्यक रकम लागत साझेदारी गरी रोजगारी सिर्जना गरिनेछ ।

२०५. आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजि क्षेत्रसँग सहकारी र समन्वयमा जोड दिईनेछ ।'युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमुलक कार्यमा संग्लग्न स्थानीय युवा उद्दमीहरुलाई प्रोत्साहित गरिनेछ ।

२०६. रोजगारको हकको प्रभावकारी कार्यन्वयन गर्न स्थानीय तहमा उपलब्ध हुने रोजगारको अवसरको पहिचान गर्न, रोजगारीको क्षेत्रमा नविनतम उपाय र विधिको पहिचान गर्नको लागि रोजगार सँवाद मञ्च सञ्चालन गरिनेछ। साथै बन्दिपुर गाउँपालिका भित्रको रोजगारदाताको अभिलेख राख्न, श्रमिक र सिपको अभिलेख, रोजगारमूलक सेवाको अभिलेख राख्न र स्वरोजगारको सम्भाव्यता पहिचान गर्न बन्दीपुर गाउँपालिकाको रोजगार रणनीति २०८० तर्जुमा गरिनेछ ।

२०७. बन्दिपुर गाउपालिकाबाट विभिन्न देशहरुमा गएका व्यक्तीहरुको तथ्याँक सँकलनका लागि MIGRATION PROFILE बनाईनेछ।

२०८. वैदेशिक रोजगार सुरक्षित मर्यादित तथा व्यवस्थित गराउन थप पहल गरिनेछ त्यसका लागि सुरक्षित आप्रवासन कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ। बन्दिपुर गाउँपालिकाबाट विदेशमा काम लाग्ने खालका सीप लिएर मात्रै वैदेशिक रोजगारिमा जाने वातावरण तयार गरिनेछ।

२०९. वैदेशिक रोजगारीको क्रममा आमा वा बाबु गुमाएका परिवारका सन्तानहरु जसले वैदेशिक रोजगार बोर्ड सचिवालयबाट प्राप्त गर्ने आर्थिक सहायता प्राप्त गर्न सकेका छैनन उनिहरुलाई पनि सोही अनुसारको छात्रवृती सहायत प्रदान गर्ने व्यवस्था गरिनेछ।

२१०. **"अबका जीवन आफ्नो धर्तीमा पसिनाका कर्ण आफ्नो माटोमा"** भन्ने नाराका साथ वैदेशिक रोजगारबाट फर्किएकालाई उद्यमशीलता विकास गर्न र रोजगारीमा आवद्दता गर्ने गरी कार्यक्रम संचालन गर्ने नीति अनुरुप उनीहरुको ज्ञान, सीप र दक्षता र अनुभवका आधारमा स्वदेशमै स्वरोजगार हुन चाहने युबाहरुका लागी अध्यक्षसँग युवा स्वरोजगार कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

२११. वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तीहरुको निशुल्क शिप परिक्षणको व्यवस्था गरिनेछ।

२१२. बन्दिपुर गाउँपालिका स्थित रोजगार सेवा केन्द्रबाट एकिकृत रोजगारमूलक सेवा प्रदान रुपमा प्रदान गर्न तिनै तहका सरकार बीच **सञ्चार समन्वय र प्रवर्द्धनात्मक अभियान स्थानीय सरकार रोजगारीको आधार** सञ्चालन गरिनेछ ।

२१३. आन्तरिक रोजगारी प्रवर्द्धन हुने **मेक ईन नेपाल** अभियान लगायत आन्तरिक रोजगार प्रवर्द्धन हुने सबै प्रकारका अभियानमा सञ्चालन साझा कार्यनीति तय गरि क्रियाकलाप सञ्चालन गरिनेछ ।

२१४. वैदेशिक रोजगार बोर्डवाट प्रदान गरिने कल्याणकारी सेवाहरु(।औषधि उपचार सहयोग, छात्रवृत्ति सहायता, उद्धार तथा खोजतलास सेवा,कानुनी प्रतिरक्षा सहायता, हकवालालाई आर्थिक सहायता प्रदान) बोर्डसँगको समन्वयमा सञ्चालन गरिनेछ

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तर्फः

२१५. महिलाहरुको क्षमता अभिवृद्धि र स्वरोजगार बनाउनको लागी वडा-वडामा सीपमूलक तालिमको व्यवस्था गरिनेछ ।

२१६. महिला हिंसा, लैङ्गिक हिंसा, घरेलु हिंसा, दाईजो प्रथा, बाल विवाह, बालश्रम, बहुविवाह, बोक्सी प्रथा जस्ता सामाजिक कुरिती नियन्त्रणको लागी टोल विकास संस्था, सामुदायिक संस्था तथा आमा समूहसंगको सहकार्यमा बहस पैरवी तथा सचेतनामूलक कार्यक्रम तर्जुमा गरी सञ्चालन गरिनेछ ।

२१७. जेष्ठ नागरिक सेवा केन्द्र र अतिथि गृह निर्माण गरिनेछ ।

२१८. सबै प्रकारका सामाजिक सुरक्षा भत्तालाई सम्बन्धित वडा-वडामा वितरण गरिनेछ ।

२१९. बाल अधिकार सुनिश्चितताको लागी बालमैत्री स्थानीय शासनको प्रवर्द्धन र बाल सज्जाल गठन गरी कार्यक्रम अगाडी बढाइनेछ ।

२२०. अपाङ्गता भएका व्यक्तिहरुको सम्मानपूर्वक एंव मर्यादित जीवनयापनका लागी वस्तुगत सेवा सहितको सीप विकास तथा क्षमता विकास कार्यक्रमहरु सञ्चालन गरी अपाङ्गता भएका ब्यक्तिहरुको आय आर्जन क्षमता, मनोवल र आत्मसम्मानमा वृद्धि गर्ने नीति लिइनेछ ।

२२१. जेष्ठ नागरिक, महिलाहरुको नियमित स्वास्थ्य परीक्षणका लागी गाउँ घर क्लिनिक सूञ्चालन गरिनेछ ।

२२२. सामाजिक विभेद तथा महिला हिंसा न्यूनिकरणका लागी सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

२२३. स्थानीय आमसञ्चार माध्यमहरुबाट महिला, बालबालिका, किशोर किशोरी, अपाङ्गता तथा जेष्ठ नागरिक लक्षित कार्यक्रमहरु सञ्चालनमा जोड  दिइनेछ ।

२२४. अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार संरक्षणका लागी सचेतनामुलक कार्यक्रमहरु सञ्चालन, मानवमैत्री संरचनाहरुको निर्माण गर्दै विकासमा मुल प्रवाहीकरणमा ल्याईनेछ ।

२२५. अपाङ्गता भएका व्यक्तिको मर्यादित र आत्मनिर्भर जीवन निर्माणको लागी क्षमता विकासका कार्यक्रम, सहायता सामाग्री वितरण तथा समुदायमा आधारित पुनस्थापना कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२२६. राज्यको कुनै पनि सेवा सुविधाबाट बञ्चित अपाङ्गता परिचय पत्र प्राप्त गरेका गाउँपालिकाका नागरिकहरुलाई नि:शुल्क स्वास्थ्य बीमा गर्ने व्यवस्था मिलाइनेछ ।

२२७. खोप लगाएको कार्डको आधारमा जन्मदर्ता गर्ने र जन्मदर्ताको आधारमा विद्यालय भर्ना लगायत अन्य प्रयोजनका लागी जन्म दर्तालाई नै पहिलो आधार मान्ने कार्यलाई प्रभावकारी बनाइनेछ ।

२२८. **"बन्दिपुरको आवाजः छुवाछुमुक्त समाज"** अभियान साकार पार्न समुदायस्तरमा बिभिन्न जनचेतनामुलक कार्यक्रम सञ्चालन तथा अन्य समुदायसँगको सहकार्यात्मक कार्यक्रमहरुलाई दलित परिषदको गठन गरी उक्त परिषद्को नेतृत्वमा कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिनेछ ।

२२९. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तर्जुमा गरी लैङ्गिक उत्तरदायी शासन पद्धति तथा समावेशी विकासको अवधारणालाई अवलम्बन गरिनेछ ।

२३०. महिला उद्यमशिलता विकासको क्षेत्रमा कार्यक्रमहरु सञ्चालन गरी व्यवसायीकरणको माध्यमबाट महिलाहरुको आर्थिक सशक्तिकरणमा जोड दिइनेछ ।

२३१. उपाध्यक्षसँग महिला बालबालिका कार्यक्रम अन्तर्गत महिला अधिकारमा आधारित विकास पद्धतिलाई आत्मसाथ गर्दै ६ वटै वडामा महिला तथा बालबालिकाहरुलाई नेतृत्व विकास, क्षमता विकास, आर्थिक विकास तथा सिप मुलक तालिम प्रदान गरिने छ ।

२३२. महिला हिंसा, बाल विवाह, दाइजो प्रथा एंव अन्य कुरितीहरु विरुद्ध ६ वटै वडामा सचेतना मुलक कार्यक्रम सञ्चालन गर्नुको साथै लैगिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रमलाई विशेष तवरले मनाइने छ ।

२३३. बालबालिकाहरुको पोषण लगायत बाल अधिकार विषयमा बिभिन्न अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने छ ।

२३४. बालबालिका सम्बन्धी अन्य दिवसहरु कार्यक्रम गरी मनाइने छ ।

२३५. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठ नागरिक आर्थिक रुपले विपन्न, अशक्त र असहाय अबस्थामा रहेका व्यक्ति, एकल महिला, अपाङ्ग बालबालिका आफ्नो हेरचाह आफै गर्न नसक्ने आदिको तथ्याङ्क संकलन गरी विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

२३६. सवै अपाङ्ग तथा जेष्ठ नागरिक सम्बन्धी कार्यक्रमलाई अध्यक्षसँग जेष्ठ नागरिक कार्यक्रमको रुपमा लगिने छ

अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक समावेशीकरण एवम् सेवा प्राप्तिमा सहज पहुँचका लागी सवै सरकारी तथा सार्वजनिक क्षेत्रहरुमा अपाङ्गमैत्री बनाउँदै लगिने छ।

२३७. अपाङ्गता भएका व्यक्तिहरुलाई गुणस्तरको परिचयपत्र सहित अति असक्तलाई घर घरमा गएर सेवा प्रदान गरिने छ ।

## भाषा, संस्कृति साहित्य :

२३८. बन्दिपुरमा रहेका सवै भाषाहरुको सम्मान संरक्षण र सम्बर्धन गरिने छ।

२३९. बन्दिपुर गाउँपालिका भित्र रहेका सबै कला संस्कृतिको जगेना, संरक्षण सम्बोधन र प्रवर्धन एंव प्रदर्शन समेत गरिने छ ।

२४०. पालिका भित्र रहेका संस्कृतिहरुलाई होमस्टेसँग जोडेर पर्यटन प्रवर्धन गरिने छ ।

२४१. बन्दिपुर गाउँपालिका भित्र रहनु भएका विज्ञ, साहित्यकारहरुको कथा, कविता, निबन्ध, जीवनी स्मरण आदी समेटिएको बन्दिपुर स्मारिका प्रकाशन गरिने छ ।

## खेलकुद तथा मनोरञ्जन तर्फ:

२४२. बन्दिपुर गाउँपालिका अन्तर्गतका ६ वटै वडामा वडास्तरीय खेल मैदान निर्माण कार्यको सुरुवात गरिनेछ।

२४३. योगाभ्यास र आयूर्वेद शिक्षाको प्रचार-प्रसार र व्यवहार उपयोगी बनाइनुका साथै पालिका स्तरको जिम हल निर्माण गरिनेछ ।

२४४. सवै प्रकारका खेलहरुको संरक्षण एंव प्रवर्द्धन गरिनेछ ।

२४५. युवाको क्षमता विकास, युवा बहु प्रतिभाको पहिचान, युवा लक्षित जीवनपयोगी, प्राविधिक र व्यावसायिक शिक्षा, युवामा सकारात्मक सोचको विकास गर्दै स्वंयसेवी संस्कृतिको विकास र श्रमको सम्मान जस्ता क्रियाकलापहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रमसंग आवद्ध गर्दै युवालाई आत्मनिर्भर, स्वावलम्बी र चरित्रबान बनाइनेछ ।

२४६. राष्ट्रिय/ अन्तराष्ट्रियस्तरको खेलाडी तयार गर्न खेलकुद विकासका लागी बन्दिपुर स्तरीय खेलकुद परिषद् गठन गरिनेछ । परिषद् मार्फत खेलकुद विकासको कार्यक्रम सञ्चालन गरिनेछ ।

२४७. युवाहरुलाई आफ्नै देशमा बसेर व्यवसाय गर्ने वातावरण तयार गर्न विभिन्न उपयोगी सीपमुलक तालिम प्रदान गरी विउ पूँजीको व्यवस्था गर्ने कार्यक्रमलाई अगाडी बढाइने छ ।

२४८. बन्दिपुर गाउँपालिका स्तरीय अध्यक्ष कप खेलकुद, राष्ट्रपति रनिङ्गसिल्ड स्तरको खेलहरुलाई थप प्रोत्साहन गरिने छ ।

२४९. युवा क्लव गठन,युवा परामर्श, युवा महोत्सव, युवा प्रतिभा पहिचान, युवा विकासको लागी युवा उद्यम कार्यक्रम नमुना युवा संसद अभ्यास समन्वय सहजिकरणमा जोड दिइने छ ।

२५०. लागु औषध कुलत विरुद्ध व्यापक प्रचार प्रसार सहित कुलतमा फसेका यूवालाई आवश्यक परामर्श सहित पुनस्थापनाका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२५१. यूवा, वर्ग तथा विभिन्न समुहमा देखिएको सूर्तिजन्य पदार्थ उपयोग नियन्त्रणका गर्न टोल टोलमा जनचेतनाका कार्यक्रमका साथै समन्वय र सहजिकरण गरिनेछ ।

सम्मानित गाउँसभाका सदस्यज्यूहरु,

## पूर्वाधार विकास

### स्थानीय सडक, पुल तथा झोलुङ्गेपुल तर्फ:

२५२. बन्दिपुर गाउँपालिका भित्र रहेका मोटर मार्गहरुको स्तरोन्नतीक गर्दे खण्ड-खण्ड गरी कालोपत्रे अभियान सञ्चालन गरिनेछ।

२५३. सडक, पुल तथा भवन निर्माण गर्दा प्राकृतिक प्रकोप न्यूनिकरण उपायहरुलाई अवलम्बन गरिनेछ ।

२५४. विकासे आयोजनाहरुलाई कानुनी जगमा टेकेर उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

२५५. पालिका भित्र रहेका मोटर मार्गहरुको प्राथमिकता स्तर निर्धारण गरी कालोपत्रे अभियान सञ्चालन गरिनेछ

२५६. तुलनात्मक रुपमा बढी लागत पर्ने योजनाहरु प्रदेश सरकार र केन्द्र सरकारसँग समन्वय गरी कार्य प्रक्रिया अगाडी बढाइनेछ।

२५७. बन्दिपुर बजारमा देखिएको अव्यवस्थित पार्किङ्गलाई बन्दिपुर बसपार्कको रुपमा सुरक्षित व्यवस्थापन गरिनेछ ।सडक सञ्जाल विस्तार तथा विकास कार्यलाई व्यवस्थित बनाउन सडक यातायात गुरुयोजना निर्माण गरिनेछ

२५८. भौतिक पूर्वाधार विकासमा सार्वजनिक-निजी साझेदारीलाई विशेष प्राथमिकत दिइनेछ।

२५९. बालमैत्री तथा अपाङ्गमैत्री पूर्वाधार निर्माणको लागी बालमैत्री तथा अपाङ्गमैत्री नीति तर्जुमा गरी सो कि कार्यान्वयनमा जोड दिइनेछ ।

२६०. निर्मित पूर्वाधारहरुको मर्मत सम्भार एंव दीगो व्यवस्थापनका लागी लाभग्राहीको योगदानसहित मर्मत सम्भार कोष स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ ।

२६१. निर्माणाधिन, निर्मित एंव भावि दिनमा निर्माण हुने पूर्वाधारको गुणस्तरीयता अभिवृद्धि गर्न साथै भुक्तानी प्रणालीलाई सहज र व्यवस्थित बनाउन भौतिक पूर्वाधार गुणस्तर मापन प्रयोगशाला स्थापना गर्न पहल गरिनेछ ।

२६२. गाउँपालिकाको सवै सघन बस्तीस्तरसम्म बाह्रै महिना सवारी आवागमन हुन सक्ने गरी सडक सञ्चालनको निर्माण गरिनेछ ।

२६३. बन्दिपुरको समग्र विकास निर्माणमा सार्वजनिक र नीजि साझेदारी अवधारणा अवलम्बन गरिनेछ ।

२६४. युवाको क्षमता विकास, युवा बहु प्रतिभाको पहिचान, युवा लक्षित जीवनपयोगी, प्राविधिक र व्यावसायिक शिक्षा, युवामा सकारात्मक सोचको विकास गर्दै स्वंयसेवी संस्कृतिको विकास र श्रमको सम्मान जस्ता क्रियाकलापहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रमसंग आवद्ध गर्दै युवालाई आत्मनिर्भर, स्वावलम्बी र चरित्रबान बनाइनेछ ।

२६५. लागत सहभागिताका कार्यक्रमहरुलाई सवै वडामा विस्तार गरिनेछ ।ग्रामीण क्षेत्रमा हुने स्थानीय सहभागिताको हिस्सा बजार क्षेत्रको तुलनामा कम गरी प्रोत्साहन नीति अवलम्बन गरिनेछ ।

२६६. गाउँपालिका क्षेत्र भित्र रहेका मुख्य मुख्य योजनाहरु छनौट गरी DPR तयार गरेर सम्बन्धीत तहसँग समन्वय गरी निर्माण कार्यलाई अगाडी बढाउने छ ।

२६७. गाउँपालिकाको प्रशासकीय भवन वडा कार्यालय भवन लगायत सेवा प्रदान गर्ने निकायहरुको भौतिक पूर्वाधार निर्माण र सुढृढीकरण गर्ने कार्यलाई प्राथमिकता साथ अगाडी बढाउने छ ।

२६८. नक्सापास नगरी भौतिक संरचना तथा घर निर्माण गर्ने र स्वीकृत मापदण्ड विपरितका कार्यलाई निरुत्साहित गर्नुका साथै स्थानीय भवन संहिताको कडाइका साथ पालना सहित स्थानीय संहिताको कडाइका साथ पालना गरिने छ ।

२६९. पुरानो पौराणिक शहरको रुपमा बन्दिपुर बजारलाई विशेष संरक्षित क्षेत्र घोषणा गरिएको हुँदा यो सम्पदाको जगेना गर्न संरक्षणका विशेष योजना सञ्चालन गरिनेछ ।

२७०. पालिका भित्र रहेका मुख्य रणनैतिक महत्त्वका सडकहरुलाई १२ औं महिना निर्बाध रुपमा चल्ने बनाई नगर बस सेवाको अबधारणा अनुरुप प्रदेश र केन्द्र सरकारसँग समन्वय गरी सुधारका कार्यक्रमहरु अघि बढाइनेछ ।

२७१. उपभोक्ता समितिले गर्न सक्ने सानो लागतको प्राविधिक जटिलता नभएका काम मात्र उपभोक्ता समितिलाई दिने अन्य काम निर्माण व्यवसायी मार्फत गरिने छ । साथै उपभोक्ता समितिलाई आ.व. को सुरुमा अभिमुखिकरण गरिनेछ ।

२७२. आवधिक योजना अनुसार सडक निर्माण र विकास कार्यलाई अगाडी बढाउने छ । सोको लागी आगामी आ.व.मा छुट भएका सडकको DPR तयार गरिनेछ । गाउँपालिकाको महत्त्वपूर्ण सडकहरुको स्तरोन्नती कार्यलाई निरन्तरता दिइने छ ।

२७३. बन्दिपुर गाउँपालिका भित्र रहेका सडकहरुको मर्मत संभारको लागी एउटा कोष निर्माण गरी नियमित मर्मत संभार गरिनेछ ।

२७४. सडक सञ्चाल तथा भौतिक पूर्वाधारको उपलब्ध स्रोत साधनलाई मध्य नजर राख्दै सोको मितव्ययी उपयोग गरी विकासको लाभ लाई सम्पूर्ण बन्दिपुर बासीहरुमा समतापूर्ण, न्यायोचित वितरण गर्ने सडक सञ्जाल तथा भौतिक पूर्वाधारहरुको विकास गर्दा क्रमश: बहुसङख्यक जनताले लाभ लिने आयोजनाहरुलाई पहिलो प्राथमिकतामा राखी सञ्चालन गरिने छ ।

२७५. असारे विकासको प्रकृतिलाई न्यूनिकरण गर्न हरेक वर्ष वैशाख मसान्त भित्र निर्माण कार्य सक्ने गरी आयोजनाको कार्यान्वयन गरिने छ ।

२७६. राजमार्ग देखी गाउँपालिका केन्द्र जोड्ने तथा गाउँपालिका केन्द्र देखी वडा केन्द्र सम्म जोड्ने सडकहरुलाई पहिलो प्राथमिकतामा राखी निर्माण स्तरोन्नती तथा कालोपत्रे गरिनेछ ।

२७७. भौतिक पूर्वाधार निर्माण गर्दा दोहोरो नपर्ने गरी एउटै सडकको पनि खण्ड खण्ड गरी कार्य गरिनेछ ।

२७८. बन्दिपुर गाउँपालिका बाट बोलपत्र भई हाल सम्म पनि कार्य सम्पन्न नगरेका निर्माण व्यवसायीहरु लाई कालो सुचीमा राख्न सिफारिस गरी वैकल्पिक तवरबाट सो अधुरा निर्माण कार्यलाई पुरा गरिनेछ।

## भवन तथा शहरी विकास तर्फ:

२७९. भवन निर्माण तथा सहजिकरण कार्यलाई व्यवस्थित बनाउन साथै सुरक्षित भवन निर्माण गर्न राष्ट्रिय भवन संहिता अनुरुप स्थानीय भवन मापदण्डको तर्जुमा गरी लागु गरिनेछ।

२८०. पुरातात्विक ऐतिहासिक शहरको रुपमा परिचित बन्दिपुर बजारको मौलिकतालाई जोगाउन भवन मापदण्डको निर्माण गरि लागु गरिनेछ ।

२८१. बन्दिपुरलाई मौलिक शहरको रुपमा विकास गर्दै डुम्रे, विमलनगर, पिप्ले बजारलाई सफा सुग्घर तुल्याई व्यापारिक केन्द्रको रुपमा विकास गरिनेछ ।

२८२. जोखिमयुक्त स्थानमा रहेका बस्तिहरुलाई जोखिम न्यूनिकरण गरी सुरक्षित मानव बस्ती विकास नीतिलाई अवलम्बन गरिनेछ ।

२८३. पालिका भित्र रहेका मौलिकता बोकेका पौराणिक घरहरुको संरक्षण गरिनेछ।

२८४. सडक मापदण्ड अनुसार नक्सा पास गरी घर बनाउने नियमलाई कडाईका साथ लागु गुरिनेछ ।

२८५. शहरी विकास योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

२८६. साविक स्थानीय निकाय हुँदा बनेका निजी भवन संरचनाहरुलाई अनिवार्य अभिलेखीकरण गर्ने व्यवस्था मिलाइनेछ

## सिंचाई तर्फ:

२८७. खेतीयोग्य जमिन, खोला नाला तथा जलाशयको उपलब्धताको अबस्था हेरी कृषि उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्न सिंचाई पूर्वाधारहरुको निर्माण गरिनेछ ।

२८८. सहकारी तथा समुदायको सहभागितामा आधारित सिंचाई प्रणालीको व्यवस्थापनमा जोड दिइनेछ ।

२८९. सिंचाई प्रणालीको दीगोपनका लागी उपभोक्ताहरुको स्रोतसहितको सहभागितामा सो को नियमन मर्मत सम्भार, व्यवस्थापन र उपयोगमा जोड दिईनेछ ।

## उर्जा, लघु तथा साना जलबिद्युत तर्फ:

२९०. परम्परागत काठे पोलहरुको आधुनिक स्टिल पोलले विस्थापन गरिनेछ ।

२९१. बैकल्पिक तथा नविकरणीय उर्जा प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

२९२. बैकल्पिक एवम नविकरणीय उर्जाको विकास र विस्तारका लागी अनुदानको व्यवस्था गरिनेछ ।

२९३. गाउँपालिका भित्र सौर्य वत्ती र गोवर ग्याँस प्लाण्ट जडानको लागी अनुदानको व्यवस्था गरिनेछ ।

२९४. बन्दिपुर बजारका विद्युतीय तार र पोलहरुलाई व्यवस्थित गरिनेछ ।

## सूचना प्रविधि तर्फ:

२९५. सेवा प्रवाहमा आधुनिक सूचना प्रविधिको प्रयोगलाई विशेष जोड दिइनेछ ।

२९६. कर्मचारी, जनप्रतिनिधि र विद्यालयका शिक्षकहरुलाई सूचना प्रविधि प्रयोग सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

२९७. सवै वडाहरुलाई सूचना प्रविधिसंग आवद्ध गरिनेछ ।

२९८. सवै विद्यालयमा इन्टरनेट जडान गरी विद्यालयलाई सूचना प्रविधिमैत्री बनाईनेछ ।

२९९. विद्युतीय माध्यमबाट गरिने भुक्तानी प्रक्रियालाई प्रभावकारी र थप व्यवस्थित बनाईनेछ ।

३००. कार्यालयको कामकाजलाई Paperless बनाउन सूचना प्रविधिलाई विशेष प्राथमिकता दिईनेछ ।

३०१. गाउँपालिका भित्र निश्चित ठाउहरुमा Free Wifi को व्यवस्था गरिनेछ ।

३०२. गाउँका संवेदनशील क्षेत्रको सुरक्षाको लागि प्रभावकारी देखिएको सिसिटिभी क्यामरा थप स्थानहरुमा जडान गरी नागरिक सुरक्षा प्रणालीलाई थप ब्यबस्थित गरिनेछ ।

## वन, ववातावरण तथा विपद व्यवस्थापन:

वन तथा भू-संरक्षन, वातावरण संरक्षण, विपद व्यवस्थापन तर्फ:

३०३. प्रत्येक वडामा वडा अध्यक्षको संयोजकत्वमा वडा विपद व्यवस्थापन समिति गठन गरी कार्य सञ्चालन गरिनेछ । वडा स्तरीय विपद कोष स्थापना गरिनेछ ।

३०४. आगलागीबाट बच्नका लागी दमकल सेवालाइ प्रभावकारी बनाइनेछ ।

३०५. भू-क्षय र बाढी पहिरो नियन्त्रणका लागी बायो- ईञ्जिनियरिङ्गमा ध्यान दिई सडक छेउछाउमा वृक्षारोपण कार्यका साथै खाली जग्गामा वृक्षारोपण गरी हराभरा बनाइनेछ ।

३०६. प्रारम्भिक वातारवरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्यांकन गरी प्रचलित नीति, कानुन तथा मापदण्डको पालना गरी नदिजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन संकलन, प्रशोधन, ओसारपसार र बिक्री वितरणलाई व्यवस्थित बनाईनेछ साथै प्रक्रिया पुरा नगरी खोलिएका क्रसर उद्योग बन्द गरिनेछ ।

३०७. प्लाष्टिकरहित बन्दिपुरको परिकल्पनालाई साकार तुल्याईनेछ ।

३०८. वातावरण संरक्षणका लागी वातावरणमैत्री विकास क्रियाकलापमा विशेष जोड दिइनेछ।

३०९. अवैध वन फडानी तथा चोरी निकासी नियन्त्रणका लागी विशेष पहल गरिनेछ ।

३१०. विपद सूचना केन्द्रको स्थापनाका लागी आवश्यक पहल गरिनेछ । विपद पूर्व सूचनाको संयन्त्रको विकास र विस्तार गरिनेछ ।

३११. राहत, उद्धार तथा पुनस्थापना कार्यलाई विशेष प्राथमिकता दिइनेछ ।

३१२. विपदको प्रभावकारी व्यवस्थापनका लागी स्थानीय विपद व्यवस्थापन समितिलाई थप क्रियाशिल बनाइनेछ

३१३. विपद व्यवस्थापन (उद्धार,राहत तथा पुनर्स्थापन) लागी विपद व्यवस्थापन कोषमा पर्यटन बजेट विनियोजन गरिनेछ

३१४. विपद व्यवस्थापन (उद्धार, राहत तथा पुनर्स्थापन) कार्य गर्दा प्रहरी, जिल्ला प्रशासन कार्यालय, प्रदेश सरकार,संघीय सरकार लगायत अन्य निकायहरुसंग समन्वय र सहकार्य गरिनेछ ।

३१५. वातावरण संरक्षणका योजनाहरु टोल विकास संस्था, सामुदायिक संस्था, नागरिक समाज, निजी क्षेत्र र गैर सरकारी समाजसंगको सहभागितामा कार्यान्वयन गरिनेछ ।

३१६. जोखिम संबेदनशिल भू- उपयोग योजना तर्जुमा गरी लागु गरिनेछ ।

३१७. विपद ब्यबस्थापनका लागी योजना, रणनीति र कार्य योजना तर्जुमा गरी लागु गरिनेछ।

३१८. आपतकालिन कार्य सञ्चालन केन्द्रको सञ्चालनमा ल्याईनेछ ।

३१९. उद्दार राहत सामाग्रीहरुको उपयुक्त भण्डारण व्यवस्था गरिनेछ ।

३२०. कानुनी व्यवस्था अनुरुप सवै आयोजनाहरुमा संक्षिप्त प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन र वातावरणीय प्रभाव मूल्यांकन गर्ने कार्यलाई अनिवार्य गरिनेछ ।

३२१. BEE र IEE स्वीकृत गर्ने सम्बन्धी स्थानीय कानुन तथा कार्यविधि तर्जुमा गरिनेछ ।
बाताबरण मैत्री बन्दिपुर गाउँपालिका घोषणा गरिनेछ ।

३२२. भूमिहिन सुकुम्बासी, भूमिहुन दलित र अव्यवस्थित बसोबासीहरुको विवरण अध्यावधिक गरी वितरण गरिएको निस्साका आधारमा जग्गाको नाप जाँच कार्य सम्पन्न गरी जग्गाको स्वामित्व स्थापित गर्न आयोग समक्ष प्रक्रियागत सिफारिस सम्पन्न गरिनेछ ।

३२३. अवैध रुपमा हुने चोरी शिकारी नियन्त्रणका लागी उपयुक्त कानुनी विकल्प तथा संरक्षणमुखी कार्यक्रम संञ्चालनका लागी सम्बन्धित निकाय सरोकारवाला समुदाय सँग सहकार्य र समन्वय गरिनेछ।

३२४. गाउँपालिका भित्र रहेका सार्वजनिक जग्गा, सामुदायिक वन क्षेत्रमा रहेका खाली जग्गाहरु एंवम अन्य खाली ठाउँहरुमा एवम् निजी जग्गाहरुमा फलफूल, जडिबुटी एवम् अन्य जंगली फलहरु लाग्ने विरुवा लगाइने साथै अम्रिसो खेतीलाई प्रभावकारी तवरले खेती गरि आम्दानीको बाटाहरु खोलिने छ।

३२५. वन डडेलो, चटयाङ्ग, सुख्खा खडेरी, हुरी बतास, असिना जस्ता प्राकृतिक विपद सम्बन्धी विषयमा सचेतनामुलक कार्यक्रम सञ्चालन गरी जोखीम न्यूनिकरण गर्नका लागी विशेष पूर्व तयारी कार्यक्रम तय गरी लागु गरिने छ ।
विद्युतीय उपकरण (करेन्ट) विषादीको प्रयोग गर्दै खेला नदीमा माछा मार्ने कार्यलाई निषेध गरी माछा लगायत जलचरको समुचित संरक्षण गरिने छ ।

३२६. एक घर एक विरुवा अभियान सञ्चालनका लागी प्रोत्साहन गरिने छ ।

३२७. हरियाली र रमणिय गाउँपालिका निर्माण गर्नका लागी वर्षाको समयमा सबै जसो मोटर मार्गको दायाँ बायाँ फूल फूल्ने गोल्ड मोहर जस्ता विरुवा लगाई ढकमक्क बनाइने छ ।

३२८. वेमौसमी वर्षा वाढी पहिरो खडेरी आगलागी लगायत प्राकृतिक मानविय जैविक प्रकोपको तत्काल सम्बोधन गर्ने गरी संघ र प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा विपद पूर्व तयारी पूर्व सुचना पुन निर्माण पुनस्थापना विपद जोखिम न्यूनिकरणमा जोड दिइने छ । साथै विपदबाट भत्किएका ३४ वटा घरहरुको निर्माण कार्य सम्पन्न गरिने छ ।

**३२९.** आगलागीबाट बचाउन बारुणयन्त्रलाई तयारी अबस्थामा राखिएको छ । साथै बन्दिपुर बजार क्षेत्रमा प्रत्येक घरमा Fire Extinguisher Gas अनिवार्य गरिने छ। अन्य अग्नि नियन्त्रण सामाग्रीहरु तयारी अवस्थामा राखिने छ ।

**३३०.** बाढि पहिरो जस्ता विपदलाई न्यूनिकरण गर्न चेतनामुलक कार्यक्रमका साथै वृक्षारोपण कार्यलाई प्रभावकारी बनाइने छ ।

## सरसफाई व्यवस्थापन तर्फः

**३३१.** गाउँपालिका भित्र उत्सर्जन हुने फोहोरमैलाको उचित र दिगो व्यबस्थापन गरिनेछ ।

**३३२.** फोहोरमैलाको दिगो व्यवस्थापनका लागी आधुनिक ल्याण्ड फिल्ड साईड निर्माणका लागी आवश्यक पूर्वाधार निर्माणको प्रक्रिया अगाडी बढाइनेछ ।उक्त कार्यमा भानु न.पा. सँग समन्वय सहकार्य गरिनेछ।

**३३३.** फोहोरमैलाको दिगो व्यवस्थापनका लागी अन्तर निकाय समन्वय र सहकार्य गरिनेछ।

**३३४.** वातावरणीय प्रभाव कम गर्ने तथा बजार क्षेत्रबाट निस्कने फोहोरमैलालाई वर्गीकरण गरी विसर्जन गर्ने नीति अवलम्बन गरिनेछ ।

**३३५.** फोहरलाई पुन: प्रयोग र प्रशोधन गर्न स्रोतमा नै वर्गीकरण गर्ने व्यवस्था मिलाइनेछ। कुहिने फोहरलाई घरमै मल बनाउन प्रोत्साहन गरिनेछ।

**३३६.** गाउँपालिका क्षेत्रभित्रको फोहरमैलाको दीगो व्यवस्थापनको लागि फोहरको संकलन, ढुवानी र रुपान्तरण गर्न प्रतिस्पार्धात्मक विधिबाट अघि बढाइनेछ ।

**३३७.** बाताबरण संरक्षण र प्रवर्धनका लागि वैज्ञानिक उपायहरु अवलम्बन गर्नुका साथै चालिस माइक्रोन भन्दा पातलो प्लाष्टिक झोलाको प्रयोगलाइ न्युनिकरण गरिनेछ । प्लाष्टिक झोलाको सट्टा कपडा, जुट वा काजगको झोला उत्पादन, बिक्री वितरण र प्रयोगलाई प्रोत्साहन हुने किसिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**३३८.** फोहर संकलन हुने प्रमुख स्थलहरुमा सुरक्षित कन्टेनर/ इष्टविनको व्यवस्था गरिनेछ।

**३३९.** प्रारम्भिक चरणमा फोहरमैला व्यवस्थापनको लागी प्रत्येक वडा टोल टोलमा विकास संस्था मार्फत पूर्ण सरसफाई अभियानको थालनी गरिने छ । साथै वातावरण मैत्री गाउँपालिका निर्माणको लागी सुचक अनुसार कार्य गरिने छ ।

**३४०.** फोहरको स्रोतमा वर्गिकरण गरी कुहिने फोहरलाई स्रोतमा नै व्यवस्थापन गर्ने र नकुहिने फोहरलाई पनि पुर्न उपयोगमा नआउने लाई मात्र डम्पिङ्ग साइडमा पुर्याइने छ ।

**३४१.** फोहरमैला न्यूनिकरण सम्बन्धी चेतनामुलक कार्यक्रम बन्दिपुर र डुम्रे लगायत अन्य ठाउँमा सञ्चालन गरिने छ ।

**३४२.** फोहर संकलनकर्ताहरुको स्वास्थ्यलाई मध्येनजरमा राख्दै विशेष सजकता साथ आवश्यक सरसफाई सामाग्री उपलब्ध गरिने छ ।

## संस्थागत विकास, सेवा प्रभाव र सुशासनतर्फः

३४३. वडा अध्यक्षहरुले मासिकरुपमा प्रतिवेदन बुझाउने र कार्य सम्पादन मूल्याङ्कनकको आधारमा पुरस्कृत गरिने नीति अवलम्वन गरिनेछ ।

३४४. कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता विकासको लागी तालिमको व्यवस्था गरिनेछ । साथै पालिका र वडाहरुमा डिजिटल बोर्डको व्यवस्था क्रमश विस्तार गरिनेछ ।

३४५. सबै क्षेत्रका राष्ट्रसेवक कर्मचारीहरुको मनोबल उच्च बनाउँदै कामको मूल्याङ्कन गरी सम्मान गरिनेछ।

३४६. राजश्व संकलन, योजना कार्यान्वयन, सेवा प्रवाहको अवस्था लगायतका सूचकहरु निर्धारण गरी उत्कृष्ट कार्य सम्पादन गर्ने वडा कार्यालयलाई गाउँपालिका नमूना वडा पुरस्कार प्रदान गरिनेछ ।

३४७. भ्रष्टाचारमा शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ । भ्रष्टाचार पूर्णरुपमा समाप्त पारिनेछ ।

३४८. कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहलाई अझै चुस्त, दुरुस्त र सेवाग्राहीमैत्री बनाईनेछ ।

३४९. कर्मचारीलाई कामप्रति उत्तरदायी, जवाफदेही र पारदर्शी बनाउन उत्तरदायित्व, जवाफदेहिता र प्रारदर्शितामा विशेष जोड दिइनेछ ।

३५०. तोकिएको समय, लागत र गुणस्तरमा सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

३५१. नागरिक वडापत्रमा उल्लेख भएका कुरालाई कडाईका साथ कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

३५२. कार्यालयबाट प्रदान गरिने सेवा प्रवाह सम्बन्धमा हुने ढिलासुस्ती हटाई समयमै सेवा प्रदान गरी व्यवस्था मिलाइनेछ

३५३. एकिकृत कार्य सञ्चालन कक्ष स्थापना गरी सबै प्रकारका सेवाहरु सेवाग्राहीले एकै स्थानबाट पाउने व्यवस्था मिलाइनेछ ।

३५४. सेवा प्रवाहको स्तर मापन गर्न नागरिक सन्तृष्टि सर्वेक्षण र सेवाग्राही सन्तृष्टि सर्वेक्षण जस्ता विधिको अबलम्बन गरिनेछ ।

३५५. कर्मचारीहरुमा सदाचार र नैतिकता कायम गर्ने आवश्यक आचार संहिता र मापदण्डको निर्माण गरी कडाईका साथ कार्यान्वयनमा ल्याइनेछ ।

३५६. वित्तीय जोखिम न्यूनिकरणका लागी वित्तीय अनुशासन कायम गरिनेछ ।

३५७. बेरुजु न्यूनिकरण गर्न वेरुजु अंकलाई २ प्रतिशतमा झार्न कार्यालयको अभिलेख र प्रतिवेदन प्रणालीलाई चुस्त दुरुस्त बनाइनेछ ।बेरुजु फछ्यौटलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।

३५८. राजश्व परिचालन क्षमता विकास गर्न राजश्व सुधार कार्य योजना तयार गरी लागु गरिनेछ ।

३५९. गाउँसभा सञ्चालन प्रणालीलाई व्यवस्थित बनाइनेछ ।

३६०. कार्यपालिका बैठक सञ्चालन प्रणाली तथा निर्णुय प्रणालीलाई व्यवस्थित एंव पारदर्शी बनाइनेछ ।

३६१. एकिकृत, तादत्म्य, सुस्पष्ट एंव दीगो सोचमा आधारित ऐन, नियम, नीति तथा कार्यविधिहरुको निर्माण गरिनेछ । आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी लागु गरिनेछ ।आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउन आन्तरिक लेखापरिक्षणलाई प्रभावकारी बनाईनेछ ।आन्तरिक लेखापरिक्षणको क्षमता विकास गरिनेछ। आन्तरिक लेखापरिक्षण प्रणालीलाई स्वतन्त्र, स्वायत्त, सवल, वस्तुनिष्ठ एंव सुदृढ बनाइनेछ।

३६२. कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकास योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

३६३. लेखापालन तथा प्रतिवेदन, अनुगमन एंव मूल्याङ्गकन प्रणालीलाई व्यवस्थित, प्रभावकारी, वस्तुनिष्ठ बनाइनेछ । गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतबीचमा एंव प्रमुख प्रशासकीय अधिकृत र सबै शाखा / इकाइ बीचमा कार्यसम्पादन सम्झौता गरी कार्यान्वयनमा ल्याइनेछ।

३६४. मध्यमकालीन खर्च संरचना तयार गरी आवधिक योजना र मध्यमकालिन खर्च संरचना अनुरुप वार्षिक वजेट तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

३६५. सभा तथा कार्यपालिका अन्तर्गत गठित समितिहरु साथै न्यायिक समितिको क्षमता विकासका लागी तालिम तथा अभिमुखिकरण कार्यक्रमको व्यवस्था गरिनेछ ।

३६६. गाउँपालिकाको आन्तरिक र क्षमता अभिबृद्धिको लागी कर दायराको अध्ययन एंव विश्लेषण गरिनेछ । करका दरहरुलाई समयानुकुल बनाइनेछ । गैरकरका दरहरुलाई लागत परिचालन गरिनेछ ।

३६७. चालु खर्च कटौरी गर्ने र पूँजीगत खर्च बढाउने दिशामा सम्पूर्ण संयन्त्रको परिचालन गरिनेछ ।

३६८. सेवा प्रवाह सम्बन्धी गुनासो, उजुरी सुन्ने र सुनाउने तथा त्यसको समयमानै समाधान गरी सेवा प्रवाहमा सेवाग्राहीको सन्तुष्टि अभिवृद्धिमा जोड दिइनेछ ।

३६९. सेवा प्रबाहसम्बन्धी मापदण्डहरु निर्धारण गरी कार्यान्वयनमा ल्याइनेछ ।

३७०. समयमानै घटना दर्ता गर्ने बानीको विकास गर्ने घटनादर्ता सप्ताह अभियान सञ्चालन गरिनेछ ।

३७१. सेवा प्रवाहलाई सहज बनाउन आवश्यकता अनुसार सबै वडाहरुमा घुम्ती सेवाहरु सञ्चालन गरिनेछ ।

३७२. सेवामा नगारिकको अधिकार स्थापित गर्न क्षतिपूर्ति सहितको नागरिक वडापत्र लागु गर्न आवश्यक अध्ययन गरिनेछ ।

३७३. सेवा प्रबाहमा हरेक चरणमा प्रविधिको उपयोग तथा विस्तार गरी सेवा प्रवाहलाई सरलीकरण गरिनेछ। सेवाहरुलाई प्रथम चरणमा कम्प्युटर प्रविधिमा आधारित तथा दोश्रो चरणमा इन्टरनेटमा आधारित बनाई Digital Demand, Digitally Serve को नीति अवलम्बन गरिनेछ ।

३७४. गाउँपालिकाबाट उपलब्ध हुने सेवाहरु असहाय, अपाङ्ग, बृद्धबुद्धा एवम् दृषिविहिनहरु लगायत सवै प्रकारका फरक शारिरीक क्षमताका नागरिकले प्राप्त गर्ने गरी मावनमैत्री वातावरणको व्यवस्था मिलाइने छ ।

३७५. कर्मचारीहरुको कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गरिने छ । कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन पद्धतिलाई प्रभावकारी र वैज्ञानिक वनाई सेवामुखी एबम् जवाफदेही बनाइनेछ ।

३७६. पारदर्शिता एबम् सुशासनका लागि गाउँपालिकासँग सम्बन्धित सूचनाहरुलाई विद्युतीय तथा छापा सञ्चार माध्यमबाट सार्वजनिकीकरण गरिनेछ । राजपत्रको नियमित प्रकाशनको व्यवस्था गरिनेछ । गाउँपालिकाले तर्जुमा गरेका सवै नीति तथा कानुनहरु गाउँपालिकाको वेवसाइट मार्फत सार्वजनिक लाई निरन्तरता दिइनेछ । वेवसाइट नियमित रुपमा अद्यावधिक गर्ने व्यवस्था मिलाइएको छ ।

३७७. वडा कार्यालयलाई नागरिकहरुको पहिलो र नजिकको सरकारको रुपमा विकास गर्न भौतिक सुविधा सम्पन्न गरिँदै लगिनेछ । नागरिक वडापत्रमा नियमित अद्यावधिक गरिनेछ ।

३७८. बन्दिपुर गाउँपालिका भित्र रहेका लगत कट्टा नभएका सबै प्रकारका मोटर मार्गहरुको लगत कट्टा गरिने छ

३७९. बन्दिपुर गाउँपालिका भित्र रहेका सम्पूर्ण सार्वजनिक जग्गाहरुको खोजी गरी संरक्षण र उपयोग गरिने छ।

**राजश्व परिचालन:**

३८०. राजश्व संकलन विद्युतिय सुचना प्रणालीको आधारमा गरिने छ । जनतालाई कर तिर्न गाउँपालिकाको कार्यालय मै आउनु पर्ने समस्याको पूर्णरुपमा समाधान गरिने छ ।

३८१. प्रत्येक वडाहरुमा कर अभियान सञ्चालन गरी कर संकलनमा सहजता ल्याउने कार्यलाई नियमिता दिइने छ

३८२. राजश्व परामर्श समितिले दिएको प्रतिवेदनका आधारमा करका दरमा समायोजन, छुट तथा सहुलियत प्रदान गरिनेछ।

३८३. गाउँपालिका भित्र रहेका कर योग्य क्षेत्रलाई करको दायरामा ल्याउने र करहरुलाई समय सापेक्ष बनाउँदै करका दायरा फराकिलो बनाइनेछ।

**३८४.** कर प्रक्रीयालाई सरलीकृत गर्दै सूचना प्रविधिको प्रयोग बढाई दक्ष र सुदृढ राजश्व प्रशासनको सुनिश्चितता गरिने छ

**विविध :**

**३८५.** भूमिहिन, सुकुम्बासी र अब्यवस्थितहरुलाई भूमी आयोग मार्फत निश्चित मापदण्डको आधारमा बसोबासको व्यवस्था सहितको लालपूर्जा उपलब्ध गराइनेछ ।

**३८६.** सार्वजनिक जग्गा संरक्षण गरी अतिक्रमणलाई पूर्ण नियन्त्रण गरिनेछ ।

**३८७.** बन्दिपुर १ अन्तर्गत साविक घाँसीकुवा हाल बन्दिपुर ५,३ ,साविकको बन्दिपुर-२ लाई डुम्रे भन्सार सहरीको कार्यक्षेत्रमा समावेश गरिनेछ।

**३८८.** जनताका गुनासो सुन्न "हेलो अध्यक्ष रेडियो कार्यक्रम" सञ्चालन गरिनेछ ।

**३८९.** अल्पसंख्यक र दलितहरुका हक हित संरक्षण र आय आर्जनका लागी बन्दिपुरमा सीप विकास केन्द्र कार्यविधि तयार गरी लागु गरिनेछ ।

**३९०.** सरकारी, गैरसरकारी तथा नीजिक्षेत्रको सहकार्यमा चालु आ.व.मा कम्तिमा ५ हजार वृक्षारोपण गरिनेछ। खाली पाखा तथा जमिनहरु साथै व्यक्तिगत जमिनहरुमा डाले घाँस, फलफूल तथा उच्च मूल्यका काष्ठजन्य प्रजातिको वृक्षरोपण गर्न प्रोत्साहन गरिने छ ।

**३९१.** टुंडिखेल पार्कलाई रोज (गुलाब) पार्कको रुपमा विकास गरिने छ । पार्कको व्यवस्थापन संरक्षण र उपयोग गरी नगरको राजश्व बढोत्तरी गर्न नीजि क्षेत्रको परिचालन गरिनेछ । पुष्प व्यवसायको प्रवर्द्धन गर्न सबै वडाको कम्तिमा एक स्थानमा विशेष प्रजातिका फूल बगैचाको रुपमा विकास गरिनेछ ।

**३९२.** कला साहित्य खेलकुद लगायत बन्दिपुरको समृद्धिमा योगदान गर्ने नागरिकलाई अभिनन्दन तथा सम्मान गरिने परिपाटीको थालनी गरिनेछ ।

**३९३.** स्थानीय गुठीयार वा टोल विकास संस्था मार्फत सार्वजनिक नीजि साझेदारी अवधारणा अनुरुप सांस्कृतिक सम्पदाको संरक्षण, मर्मत संभार आदीको व्यवस्थापन गरिनेछ।

सम्मानित गाउँसभाका सदस्यज्युहरु,

अन्त्यमा,

यी नीति तथा कार्यक्रमको कार्यान्वयनमा सबै जनताबाट सहयोगको अपेक्षा गर्दै बन्दिपुर गाउँपालिकाको समग्र विकासमा योगदान गर्ने जनप्रतिनिधि, राजनैतिक दल, बुद्धिजीवि, राष्ट्रसेवक कर्मचारी, शिक्षक, नागरिक समाज, निजी क्षेत्र, गैरसरकारी क्षेत्र, सहकारी क्षेत्र, सामुदायिक संस्था, सामाजिक अभियान्ता एंव देश तथा विदेशमा रहनुहुने सम्पुर्ण दाजु भाई दिदी बहिनीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद

सुरेन्द्र बहादुर थापा

बन्दिपुर गाउपालिका